# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक २६६ | काठमाडौं | आइतबार, ११ माघ २०८२ | Prabhab National Daily | Sunday, 25 January 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# बागीविरुद्ध नेकपाले चलायो डण्डा

## गजुरेलसहितका नेताहरू पार्टीबाट निकालिए


हरिबोल गजुरेल


महेश्वर दाहाल


कुलप्रसाद केसी


धर्मनाथ साह


मेजर राई

■ **प्रभाव संवाददाता**

- पूर्वमन्त्री हरिबोल गजुरेल, पूर्वमुख्यमन्त्री कुलप्रसाद केसी, पूर्वमन्त्री धर्मनाथ साह, नेताहरू महेश्वर दाहाल, मेजर राईलगायत सात जना नेकपाबाट निष्कासित
- पार्टीको आधिकारिक उम्मेदवारविरूद्ध उम्मेदवारी दिएर पार्टी अनुशासन उल्लंघन गरेको दाबी

**काठमाडौं–** नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले पार्टीको आधिकारिक उम्मेदवारविरुद्ध बागी उम्मेदवारी दिने नेता, समर्थक र प्रस्तावविरुद्ध निर्मम कदम चालेको छ । देशको विभिन्न ठाउँमा नेकपाको आधिकारिक उम्मेदवारविरुद्ध पार्टीका असन्तुष्ट नेताहरूले बागी उम्मेदवारी दिएका थिए ।

पार्टी संयोजक पुष्पकमल दाहालले बिहीबार बागी उम्मेदवार, तिनका समर्थक र प्रस्तावलाई पछि हट्न निर्देशन दिए पनि अधिकांश नेताहरूले टेरेनन् । नटेरेका नेताहरूलाई शनिबार दाहालले पार्टीबाटै निष्कासन गरेका हुन् । त्यसरी निष्कासन गरिएका शीर्षस्थ नेता हरिबोल गजुरेल हुन् । उनीसँगै नेता महेश्वर दाहाललाई पार्टीबाट संयोजक दाहालले शनिबार निष्कासन गरे ।

पार्टीको निर्णयविपरीत सिन्धुली-२ बाट प्रतिनिधिसभा सदस्यमा महेश्वरले उम्मेदवारी दर्ता गरेपछि उनीहरू कारबाहीमा परेका हुन् । महेश्वर आगामी फागुन २१ गते प्रतिनिधिसभा सदस्य निर्वाचनमा सिन्धुली-२ बाट टिकटका आकांक्षी थिए । तर, दाहालले पूर्वसांसद लेखनाथ (राजन) दाहाललाई टिकट दिए । टिकट नपाएपछि महेश्वरले बागी उम्मेदवारी दिए ।

महेश्वरलाई समर्थन नेता गजुरेलको छ । यसपछि दाहालले अनुशासनको कारबाही गर्दै पार्टीबाट निष्कासन गरेका हुन् । गजुरेल पटक-पटक मन्त्री भएका नेता हुन् । पार्टीबाट निष्कासनमा परेपछि उनले प्रभावसँग भने, 'विधि, पद्धति मिच्नेले नै कारबाही गरेको सुन्दा लाज लागेको छ । विधि पद्धति उल्लंघन गर्ने नेतृत्व नै पहिले कारबाहीको भागीदार बन्नुपर्ने होइन ? जसले जिल्ला कमिटीको उम्मेदवार सिफारिस लत्याए ।'

दाहालले लुम्बिनी प्रदेशका पूर्वमुख्यमन्त्रीसमेत रहेका कुलप्रसाद केसीलाई पनि पार्टीबाट निष्कासन गरिदिएका छन् । केसी दाङ-१ मा नेकपाको आधिकारिक उम्मेदवार मेटमणि चौधरीविरुद्ध प्रतिनिधिसभा सदस्यका लागि बागी उम्मेदवार थिए । केसीलाई उम्मेदवारी फिर्ता लिन र पार्टीका आधिकारिक उम्मेदवारलाई समर्थन गर्न दाहालले बिहीबार नै निर्देशन दिएका थिए । तर, उनले मानेनन् । त्यसपछि दाहालले पार्टीबाटै हटाइदिएका हुन् ।

क्रमशः पृष्ठ २ मा

# कठिन अभिभारासहित गगन मधेसमा

■ **जेबी योञ्जन**

**काठमाडौं–** नेपाली कांग्रेसको नियमित महाधिवेशनमार्फत नेतृत्व हस्तान्तरण सम्भव नदेखिएपछि विशेष महाधिवेशनको बाटो हुँदै सभापति बनेका गगन थापाले नेतृत्व सम्हालेको दुई साता पुगेको छ । यद्यपि, उनी अझै पूर्णवैधानिक सभापति भने भइसकेका छैनन् ।

अपदस्थ सभापति शेरबहादुर देउवापक्षले पार्टीको आधिकारिकता विवादमा निर्वाचन आयोगको निर्णयविरुद्ध सर्वोच्च अदालतमा दायर गरेको रिटको टुंगो लाग्न बाँकी छ ।

कानुनी प्रक्रिया जारी रहे पनि थापा राजनीतिकरूपमा भने स्थापित भइसकेका छन् । कांग्रेसले उनलाई भावी प्रधानमन्त्रीका उम्मेदवारका रूपमा अघि सारेको छ । यही राजनीतिक पृष्ठभूमिमा थापा आज मधेस झर्दै छन् । उनी सर्लाही-४ बाट प्रतिनिधिसभा सदस्य निर्वाचित हुने लक्ष्यसहित मधेस जान लागेका हुन् । मधेस जानुअघि शनिबार काठमाडौंमा थापाले सर्लाही-४ बाट उम्मेदवारी दिनु आफ्नो सचेत निर्णय भएको बताए । 'यो पटक आँट गरेर सर्लाही-४ बाट उम्मेदवारी दिएँ,' उनले भने ।

थापा चारपटक संसद् पुगिसकेका नेता हुन् । पहिलो संविधानसभामा समानुपातिक सांसद बनेका उनी २०७०, २०७४ र २०७९ को प्रतिनिधिसभा निर्वाचनमा प्रत्यक्षतर्फ निर्वाचित भएका थिए । उनले लगातार जित्दै आएको निर्वाचन क्षेत्र काठमाडौं-४ हो । तर, यसपटक उनले उक्त क्षेत्र छाडेर मधेसको सर्लाही-४ रोजेका छन् । १८ वर्षको संसदीय अनुभव बोकेका थापाले यसपटक किन सुरक्षित क्षेत्र परित्याग गरे भन्ने विषयलाई राजनीतिकवृत्तमा चासोका साथ हेरिएको छ । तर, यसबारे उनले भनेका छन्, 'एकपटक मधेसको नेतृत्व गर्न सकेँ भनेमात्रै बल्ल देशको नेतृत्वका लागि योग्य हुन्छु ।'

मधेस मामिलाका जानकार चन्द्रकिशोरका अनुसार थापाको मधेस उम्मेदवारी रणनीतिक छ । 'गगन थापा कांग्रेसको पुरानो आधार मधेसमा पुनः स्थापित गर्न चाहन्छन्,' उनले प्रभावसँग भने, 'तर उनको मुख्य चुनौती भनेको कांग्रेसबाट अलग भएका असन्तुष्ट शक्तिलाई पुनः जोड्नु हो ।' सभापति थापा यतिबेला उनको राजनीतिक जीवनकै सर्वाधिक चुनौती सामना गर्ने ठाउँमा छन् ।

क्रमशः पृष्ठ २ मा

> गगन थापा कांग्रेसको पुरानो आधार मधेसमा पुनः स्थापित गर्न चाहन्छन् । तर उनको मुख्य चुनौती भनेको कांग्रेसबाट अलग भएका असन्तुष्ट शक्तिलाई पुनः जोड्नु हो ।
>
> ■ **चन्द्रकिशोर**
> राजनीतिक विश्लेषक

> एकपटक मधेसको नेतृत्व गर्न सकेँ भनेमात्रै बल्ल देशको नेतृत्वका लागि योग्य हुन्छु ।
>
> ■ **गगन थापा**
> सभापति, नेपाली कांग्रेस



### चुनाव जित्नै चुनौती

अघिल्ला निर्वाचनमा थापा आफ्नो क्षेत्रमा केन्द्रित भएर चुनावी गतिविधि गर्थे । तर, यसपटक उनी उम्मेदवारमात्र होइनन्, पार्टी सभापतिका रूपमा देशभर कांग्रेसको चुनावी नेतृत्व गर्ने जिम्मेवारीमा छन् । आफू जित्नुका साथै अन्य कांग्रेस उम्मेदवारहरूलाई जिताउने वातावरण बनाउनु उनको प्रमुख दायित्व बनेको छ ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

# छ महिनामा साढे पाँच हजारभन्दा बढी उजुरी

- विभागमा परेका उजुरीमध्ये उद्धार, राहत तथा समन्वय शाखामा ५६८, प्रहरी शाखामा दुई हजार ६३७ र मुद्दा अनुसन्धान शाखामा दुई हजार ५६१ वटा
- उजुरीमध्ये ९०.१५ प्रतिशत व्यक्तिगत र ९.८५ प्रतिशत म्यानपावरका
- म्यानपावरका ५६८ उजुरीमध्ये १४५ जनाको उद्धार, २०० जनालाई क्षतिपूर्ति

■ **ममता थापा**

**काठमाडौं–** चालु आर्थिक वर्षको छ महिनामा वैदेशिक रोजगार विभागमा साढे पाँच हजारभन्दा बढी उजुरी दर्ता भएका छन् । विभागले सार्वजनिक गरेको अर्धवार्षिक प्रगति विवरणका अनुसार आव २०८२/८३ को साउनदेखि पुस मसान्तसम्म वैदेशिक रोजगारसँग सम्बन्धित पाँच हजार ७६६ वटा उजुरी दर्ता भएका हुन् ।

विभागमा परेका उजुरीमध्ये उद्धार, राहत तथा समन्वय शाखामा ५६८, प्रहरी शाखामा दुई हजार ६३७ र मुद्दा अनुसन्धान शाखामा दुई हजार ५६१ वटा रहेका छन् । राहत तथा उद्धार शाखामा म्यानपावर कम्पनीका उजुरी दर्ता हुन्छन् भने मुद्दा र प्रहरी शाखामा व्यक्तिगत ठगीका उजुरी दर्ता हुन्छन् । विभागमा यस अवधिमा परेका उजुरीमध्ये ९०.१५ प्रतिशत व्यक्तिगत र ९.८५ प्रतिशत म्यानपावरका उजुरी छन् ।

विभागको तथ्यांकअनुसार मुद्दा तथा अनुसन्धान शाखाका दुई हजार ५६१ वटा उजुरीमा २२५ वटा मिलापत्र भएको छ ।

क्रमशः पृष्ठ २ मा




### के गर्दै छ 'स्पेसल टास्क फोर्स' ?

वैदेशिक रोजगार क्षेत्रमा ठगीका घटना निरन्तर बढ्न थालेपछि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले 'स्पेसल टास्क फोर्स' बनाएर यसमा संलग्नलाई नियन्त्रण गर्ने बताएको थियो । रोजगारीमा जाने युवाहरू थप समस्यामा नपरुन् भन्ने उद्देश्यले श्रममन्त्री राजेन्द्रसिंह भण्डारीले उक्त टास्क फोर्स गठन गरेका हुन् । यसका लागि विभागमा रहने १३ जना प्रहरीको टोलीले वैदेशिक रोजगारीका उजुरीमाथि अनुसन्धान गर्ने, ठगी गर्नेलाई कारबाहीको दायरामा ल्याउने भनिएको छ ।

क्रमशः पृष्ठ २ मा

# मगर व्यवसायी समाजको नेतृत्वमा ओमबहादुर जर्गा

■ **प्रभाव संवाददाता**



**काठमाडौं–** नेपाल मगर व्यवसायी समाजको नेतृत्वमा ओमबहादुर जर्गा मगर सर्वसम्मत चयन भएका छन् । शुक्रबार भएको समाजको ११औं वार्षिक साधारणसभाबाट उनी आगामी कार्यकालका लागि अध्यक्ष पदमा निर्वाचित भएका हुन् ।

नवनिर्वाचित अध्यक्ष जर्गा मगर फ्रेण्डसिप म्यानपावर कन्सल्टेन्सी प्रालिका सञ्चालक हुन् । उनले आफू सबै व्यवसायीलाई एक बनाएर अघि बढ्ने बताए । 'संस्था स्थापनाकालदेखि नै कार्यसमितिभित्र रहेर काम गर्दै आएको छु,' उनले भने, 'सबै व्यवसायीलाई एकताबद्ध गरेर अगाडि बढाउन सक्छु । हामीलाई परेका समस्याहरू एकजुट भएर सम्बन्धित ठाउँमा राख्ने हो ।'

संस्थाको जिम्मेवारी हस्तान्तरण गर्दै निवर्तमान अध्यक्ष पदमबहादुर आले मगरले आफूले दुई वर्षको अवधिमा व्यवसायलाई मर्यादित बनाउन र व्यवसायीका समस्या समाधानका लागि भूमिका निर्वाह गरेको बताए । 'व्यवसाय गर्दा नियमपूर्वक गरौं भन्ने हो । त्यसपछि केही भएको अवस्थामा व्यवसायीको घरदैलोमा गएर सहयोग पनि गऱ्यौं,' उनले भने, 'यद्यपि, हाम्रो छाता संगठन नेपाल वैदेशिक रोजगार व्यवसायी संघ भएकाले हामीले संघको काममा सघायौं ।

आगामी नेतृत्वलाई पनि निडर भएर काम गर्न सुझाव दिन्छु ।' साधारणसभाबाट प्रथम उपाध्यक्षमा प्रितमबहादुर मगर, द्वितीय उपाध्यक्षमा मेघ मगर, तृतीय उपाध्यक्षमा वीरेन्द्र राना, महासचिवमा डिल्लीराम भुजेल (मगर) चयन भएका छन् । यसैगरी सचिवमा राधिका आले र कोषाध्यक्षमा धनु सिँजाली निर्वाचित भएका छन् । नवनिर्वाचित सदस्यहरूमा श्याम मगर, राजकुमार थापा मगर, शेरबहादुर पूर्वछाने, शान्ता थापा मगर, हर्षबहादुर आले र खगेन्द्र मगर रहेका छन् ।

क्रमशः पृष्ठ २ मा




सुलभ मूल्यमा अन्तर्राष्ट्रिय स्तरको

निः सन्तानपन सम्बन्धी उपचार

HARDIK IVF and Fertility Center
Where Miracles Come to Life

हार्दिक आई.भि.एफ सेन्टर
सिनामंगल ९, काठमाडौं

01-5917982, 9802352811

पृष्ठ १ बाट क्रमशः

## कठिन...

यो यथार्थ स्वीकार्दै उनले सभापति निर्वाचित भएको नवौं दिन पार्टी कार्यालय सानेपा पुगेर भने, 'हामी सीधा बाटोबाट यहाँ आएका होइनौं ।'

उनकै शब्दमा भन्दा पार्टी बदल्नु छ । बदलिएको कांग्रेस पार्टीलाई निर्वाचनबाट पहिलो दल बनाउनु छ र देश बदल्नु छ । थापाका लागि यो त ठूलो अभिभारा हो । जबकि, विशेष महाधिवेशनपछि कांग्रेसभित्रका समूहगत विभाजन थप स्पष्ट देखिन थालेका छन् । सभापति थापाको पदभार ग्रहण समारोहमा देउवा समूहका प्रभावशाली नेताहरूको अनुपस्थिति त्यसको संकेत मानिएको छ ।

यद्यपि, कांग्रेस नेता मधु आचार्य भने पार्टी क्रमशः एकताबद्ध हुने दाबी गर्छन् । 'अब सबै कुरा सामान्य बन्दै जान्छ । निर्वाचनमा एकताबद्ध कांग्रेस देख्नुहुन्छ,' उनले भने । तर, उम्मेदवारी चयन प्रक्रियामा सभापति थापाले देउवा र शेखर कोइराला पक्षलाई सीमित गरेको बुझाइ कांग्रेसभित्रै छ । यसले २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनमा प्रभाव पार्न सक्ने विश्लेषण भइरहेको छ ।

■■■

## चुनाव जित्नै...

अर्कोतिर, उनी कांग्रेसले अघि सारेको भावी प्रधानमन्त्री हुन् । त्यसो हुनाले उनको अर्को अभिभारा कांग्रेसलाई पहिलो दल बनाउनु हो । मिश्रित निर्वाचन प्रणालीमा दलहरूलाई बहुमत ल्याउनै कठिन हुँदै आएको छ । तैपनि सभापति थापाले देशकै ठूलो दल बनाउने र एकल सरकार गठन गर्नेगरी चुनावी परिचालनको कमाण्ड उपसभापति विश्वप्रकाश शर्मालाई दिएका छन् । थापाले पार्टी पंक्तिलाई आ-आफ्नो क्षेत्रमा केन्द्रित भएर लाग्न निर्देशन दिँदै आएका छन् । शनिबार पनि उनले भने, 'सबै साथीहरू आफ्नो क्षेत्रमा जानुहोस् । एकमना भएर लागौं ।

सर्लाहीजस्ता ठाउँमा अनावश्यक भीड नल्याऔं ।' थापाले चुनाव लड्ने भएको सर्लाही-४ मा उनका मुख्य प्रतिस्पर्धी राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार डा. अमरेशकुमार सिंह छन् । सिंह कांग्रेसका पूर्वसांसद हुन् । २०७४ मा कांग्रेसबाट निर्वाचित भएका उनी पार्टीसँग असन्तुष्ट भएपछि स्वतन्त्र उम्मेदवार बनेर २०७९ मा विजयी भएका थिए । सिंहसँगको चुनावी प्रतिस्पर्धामा सभापति थापाको जित कि हार ? २१ फागनुको निर्वाचनपछि मतपेटिका खोल्दा थाहा हुन्छ । तर, थापा आज मधेस जाँदै गर्दा पार्टीलाई एकताबद्ध बनाउने, कांग्रेसको जनाधार मधेसमा सुधार्नेदेखि आफूसँगै पार्टीका अन्य उम्मेदवारहरूलाई जिताउन माहोल बनाउनुपर्ने दायित्व पनि बहन गर्नुपर्ने भएको छ ।

■■■

## बागीविरुद्ध...

केसी विगतमा दाहालका विश्वासपात्र थिए । १० वर्ष माओवादी युद्धमा उनी दाहालसँगै थिए । तर, यसपटक पार्टीको आधिकारिक उम्मेदवार मेटमणिविरुद्ध आँप चिह्न लिएर चुनावमा उत्रिँदा दाहालले कारबाहीको डण्डा चलाइदिए । बागी उम्मेदवारी दिँदा नेकपाले हटाएकामा पूर्वमन्त्री धर्मनाथप्रसाद शाह पनि हुन् । उनी माधवकुमार नेपाल नेतृत्वको तत्कालीन नेकपा एकीकृत समाजवादीको मधेस प्रदेश इञ्चार्ज थिए । उनी सिरहा-४ मा नेकपाबाट टिकट लिएर चुनाव लड्न चाहन्थे ।

तर, पूर्वसञ्चारमन्त्री अजयशंकर नायकले टिकट पाए । त्यसपछि असन्तुष्ट साह एमालेबाट उम्मेदवार बने । शनिबार दाहालले उनलाई पार्टीबाटै हटाइदिए । त्यसरी हटाइनेमा उदयपुरको लिम्चुङबुङ गाउँपालिकाका पूर्वअध्यक्ष मेजर राई, राजकुमारी साह र जिवछ साहलगायत पनि छन् । कारबाहीपछि राईले भने, 'अस्ति राजीनामा दिइसकेको मान्छेलाई कारबाही गर्नुको के औचित्य छ ? त्यस्तो कारबाहीको खोस्टोको अर्थ छैन ।'

नेकपाले पार्टीको आधिकारिक उम्मेदवारविरुद्ध बागी उठ्नु र उठाउनुलाई पार्टी अनुशासन उल्लंघन गरेको रूपमा लिएको छ । त्यही भएर पार्टीको निर्णय र निर्देशनविपरीत उम्मेदवार बनेका र त्यस्ता उम्मेदवारका प्रस्तावक, समर्थक तथा प्रचारक बनेका कारण अनुशासनको कारबाही गर्दै पार्टीबाट निष्कासन गरिएको नेकपाले जनाएको छ ।

■■■

## छ महिनामा...

४७ वटा केस अदालतसम्म पुगेका छन् । सो शाखाबाट नौ करोड ४७ लाख २९ हजार ७०० रूपैयाँ क्षतिपूर्ति दिइएको छ ।

त्यस्तै प्रहरी शाखाका दुई हजार ६३७ उजुरीमध्ये दुई हजार एक वटा फर्स्योट भएको उल्लेख गरिएको छ । सो शाखाबाट एक करोड ७२ लाख रूपैयाँभन्दा बढी रकम असुल भएको छ । यता म्यानपावरका ५६८ उजुरीमध्ये १४५ जनाको उद्धार भएको छ भने २०० जनाले क्षतिपूर्ति पाएका छन् । त्यस्तै ३१२ वटा उजुरी आपसी सहमतिमा टुंगिएको जनाइएको छ । इजाजतप्राप्त संस्थाबाट यस अवधिमा तीन करोड ४२ लाख रूपैयाँभन्दा बढी क्षतिपूर्ति असुल गरिएको विभागले जनाएको छ ।

विभागमा परेका उजुरीको संख्या हेर्दा यस क्षेत्रका समस्या दोब्बरले बढेको देखिन्छ । गत आर्थिक वर्ष २०८१/८२ को १२ महिनामा करिब पाँच हजार उजुरी परेका थिए । जसमा करिब ९० प्रतिशत व्यक्तिगत ठगीका उजुरी थिए । अघिल्लो आवमा परेकाभन्दा बढी उजुरी यस वर्षको छ महिनामै परेका छन् । रोजगारीमा जानेहरूको संख्या बढ्नु, युवाहरू युरोप रोजगारी प्रलोभनमा पर्नु, सामाजिक सञ्जालमा आउने अनधिकृत विज्ञापनमा विश्वास गर्नेलगायतका कारणले उनीहरू समस्यामा पर्दा उजुरी बढेको विभागले जनाएको छ ।

■■■

## के गर्दै छ ...

मन्त्रालयका अनुसार उक्त काम सुरु गर्न विभागलाई पत्राचार गरेको १० दिनभन्दा बढी भइसकेको छ । यसको सम्पूर्ण जिम्मा विभागलाई दिइएकाले महानिर्देशकले तोक लगाउनेबित्तिकै काम सुरु हुने भनिएको छ । विभागले प्रहरीको टोलीसँग छलफल थालिसकेको स्रोतको भनाइ छ । यद्यपि, यस विषयमा के काम हुँदै छ भनेर विभागले जानकारी दिएको छैन ।

विभागका उपमहानिर्देशक र सूचना अधिकारीसँग बुझ्दा आफूलाई टास्क फोर्सको विषयमा कुनै जानकारी नभएको बताए । अनुसन्धानको काम गोप्य हुने भएकाले आफूहरूलाई जानकारी नभएको हुनसक्ने सूचना अधिकारी बिन्दा आचार्यले बताइन् । 'त्यो जुन हिसाबले गरेको छ, बाहिर सार्वजनिक नगरी गर्ने काम भएकोले बाहिर नआएको पनि हुनसक्छ,' आचार्यले भनिन्, 'हामीले पनि मन्त्रालयबाट टोली आउँछ भन्ने सुनेको हो तर त्यो मेरो तहभित्र परेन । विभागको पूरै युनिटलाई नै हेर्ने भएकाले हाम्रो जानकारीमा नभएको होला ।'

■■■

## मगर...

समाजमा ५२ व्यवसायी आबद्ध रहेका जानकारी दिइएको छ । साधारणसभाको उद्घाटन नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष भुवनसिंह गुरुङले गरेका थिए । उनले वैदेशिक रोजगार व्यवसायलाई मर्यादित बनाउने संघको अभियानमा मगर समाजले गर्दै आएको सहयोग महत्त्वपूर्ण रहेको बताए । वैदेशिक रोजगार मुलुकको अर्थतन्त्र धान्ने क्षेत्र भएको उल्लेख गर्दै उनले व्यवसायीहरू एक जुट भएर यो क्षेत्रलाई थप व्यवस्थित बनाउनुपर्नेमा जोड दिए ।

# देशको पश्चिम क्षेत्रमा वर्षा र हिमपात

**काठमाडौं (प्रस)**– पश्चिमी न्यून चापीय प्रणालीका कारण नेपालको पश्चिम क्षेत्रमा शुक्रबार साँझदेखि मौसम बदली भई धेरै जिल्लामा वर्षा र हिमपात भएको छ । जल तथा मौसम विज्ञान विभागका अनुसार शुक्रबार साँझबाट सुरु भएको बदली शनिबार दिनभर नै कायम भएको थियो ।

वर्षा भने शनिबार अपराह्नबाट रोकिएको छ । विभागका सूचना अधिकारी दिनकर कायस्थले मौसम बदली कमजोर बन्दै गएको बताए । यद्यपि, छिटपुट रूपमा उच्च पहाडी तथा हिमाली क्षेत्रमा सामान्य वर्षा र हिमपात आइतबारसम्म कायम रहने उनले जानकारी दिए ।

विभागका अनुसार पछिल्ला २४ घण्टामा सबैभन्दा बढी जाजरकोटमा २९ मिलिमिटर र डडेलधुरामा २८.८ मिलिमिटर वर्षा भएको छ । यो मध्यम वर्षा हो । यस्तै, दार्चुलामा १७.८, बैतडीमा २६, डोटीमा २०, बझाङमा १६.२, कञ्चनपुरमा ९.४, अछाममा १२.६, कालीकोटमा १९.४, दैलेखमा १४.३, जुम्लामा १२.७, मुगुमा १२, डोल्पामा १३.५ मिलिमिटर वर्षा भएको विभागको अभिलेखमा उल्लेख छ ।

विभागका अनुसार बागलुङ, म्याग्दी, रुकुमपूर्व, रोल्पा, दाङ बाँके, बर्दिया, सुर्खेत, गुल्मीलगायत जिल्लामा पनि हल्का वर्षा र हिमपात भएको छ ।

शनिबार साँझ सार्वजनिक गरिएको बुलेटिनमा हाल नेपालमा न्यून चापीय प्रणालीको प्रभाव कायम रहेकाले कोशी, मधेस र बागमती प्रदेशलगायत बाँकी पहाडी तथा हिमाली भू-भागमा साधारणतया बादल लागिरहेको छ ।

आज आइतबार देशका उच्च पहाडी तथा हिमाली भू-भागमा साधारणतया बादल लाग्ने तथा बाँकी भू-भागमा आंशिक बादल लाग्ने छ । कोशी, गण्डकी र कर्णाली प्रदेशका उच्च पहाडी तथा हिमाली भू-भागका थोरै स्थानमा तथा बाँकी उच्च पहाडी तथा हिमाली भू-भागका एक-दुई स्थानमा हल्का हिमपात/वर्षाको सम्भावना रहेको छ । पूर्वी तथा मध्य तराई भू-भागका थोरै स्थानमा बिहानीपख हुस्सु रहने जनाइएको छ ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८२/१०/११ गते**

यस कम्पनीको मिति २०८२/०९/२० को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **स्काईपावर इन्टरनेशनल प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/१०/०८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **स्काईपावर फोर्स प्रा.लि. (प्रा.लि.नं. १७३०५०)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

## कम्पनीको हकदावी सम्बन्धी ३० दिने सूचना

यस कार्यालयको मिति २०६७/०६/१० मा दर्ता भएको **प्रा. लि. नं. ७६४६५ को अर्गानिक फुड एण्ड मिट प्राइभेट लिमिटेड** नामक कम्पनीले दफा १३६ क अनुसार विशेष दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाणसहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

## दावी विरोध सम्बन्धी
### वैदेशिक रोजगार विभाग, काठमाडौंको सूचना

**प्रकाशित मितिः २०८२/१०/११**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था PROFESSIONAL RECRUITERS GROUP PVT. LTD. (ई.प.नं. 1767/081/82) को संचालक र शेयरधनीले आफ्नो नाममा लिन कबुल गरेको शेयर जफत गरि पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर जफतको सहमति दिँदा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सवुद प्रमाण सहित वैदेशिक रोजगार विभागको संस्था दर्ता तथा समन्वय शाखामा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८२/१०/०९ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर जफतको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनावाट जानकारी गराईन्छ ।

**शेयर जफत सम्बन्धी विवरणः**

| शेयर जफत हुने शेयरधनीको नाम | लिन कबुल गरेको शेयर संख्या |
|---|---|
| १. विष्णु थापा (ना.प्र.नं. ६५१००३/२६२ बर्दिया) | २०००० कित्ता |
| २. कविन्द्र खडका (ना.प्र.नं. १७१९/४०० बारा) | २००० कित्ता |

## ओमनमा रोजगार

कम्पनी : HASSAN BIN SAIF AL MAHROUQI TRADING LLC

पूर्व स्वीकृति मिति : २०८२/१०/०८ | LT. No. 337537 | चलानी नं. ६०२५११५२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hyfraulic Mechanic | 1 | 0 | 190 | ७२,६४५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2. | Mechanical Diesel Engine | 3 | 0 | 190 | ७२,६४५ | | | | | | | |
| 3. | Welder (Oxygen/ Electric Arc ) | 1 | 0 | 130 | ४९,७०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ १८ गते (1st Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## बहराइनमा रोजगार

कम्पनी : MADHAWDAS GOPALDAS & SONS CO. W.L.L.

पूर्व स्वीकृति मिति : २०८२/१०/०९ | LT. No. 337644 | चलानी नं. ६०२५१०९२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BD | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 10 | 0 | 100 | ३८,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ १८ गते (1st Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Elite Gurkhas Overseas Pvt. Ltd.
Gongabu Townplanning-26 Kathmandu, Nepal, Tel.: +977-1-4975567, 4975568,
E-mail: proelitegurkhas@gmail.com, Web: www.elitegurkhasoverseas.com
श्रम ईजाजत नं.५३५/०६१/०६२

## कुवेत/कतारमा रोजगार

कम्पनी : MARYAM SABHAN LADIES BEAUTY SALON

पूर्व स्वीकृति मिति : २०८२/१०/०८ | LT. No. 337596 | चलानी नं. ६०२५१०२०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Beautician | 0 | 20 | 130 | ६२,३०६ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2. | Beautician | 0 | 20 | 150 | ७१,८९१ | | | | | | | |
| 3. | Cleaner I | 0 | 10 | 120 | ५७,५१३ | | | | | | | |

कम्पनी : AL ARBIYA TRADING

पूर्व स्वीकृति मिति : २०८१/१०/२० | पुनः विज्ञापन स्वीकृति मिति : २०८१/१०/१० | LT. No. 317989 | चलानी नं. ६०२३२३६१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 0 | 5 | 1400 | ५६,५०९ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 7 | 0 | 1500 | ६०,५४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय ललितपुरमा मितिः २०८२ माघ १८ गते (1st Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Target Consultant Human Resources Pvt. Ltd.
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम ईजाजत नं. ८३३/०६६/०६७


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२**
Email: dhruvswamig@gmail.com

आइतबार, ११ माघ, २०८२

| | |
|---|---|
| **मेष** | सामान्य फलदायी, परिस्थितिसँग सम्झौता । |
| **वृष** | बाधा-व्यावधान, राकम र श्रम खर्च हुनेछ । |
| **मिथुन** | उतारचढाव, असहजर परिस्थिति हुनसक्ने । |
| **कर्कट** | उपलब्धिमूलक, सानो प्रयत्नेल काम बन्ने । |
| **सिंह** | चुनौति भएतापनि उपलब्धि प्राप्त हुनेछ । |
| **कन्या** | महत्वकांक्षाले समस्या निम्तन सक्नेछ । |
| **तुला** | कमजोरीले आर्थिक असन्तुलन बन्न सक्छ । |
| **वृश्चिक** | रोकिएका काम बन्ने, आयस्रोत बढनेछ । |
| **धनु** | अवसर प्राप्त भएपनि मिहिनेत गनुपर्नेछ । |
| **मकर** | उतारचढावमा समय व्यतित हुनेछ । |
| **कुम्भ** | प्रतिष्ठत व्यत्तिबाट सहयोग । |
| **मीन** | विषेश काम, रोकिएका काम बन्नेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डाँछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

११ माघ, २०८२ (२५ जनवरी, २०२६)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४५.०९ | १४५.६९ |
| युरो | १ को | १६८.२९ | १६८.९९ |
| पाउन्ड स्टिर्लङ | १ को | १९४.१७ | १९४.९७ |
| स्विस फ्रैन्क | १ को | १८०.७० | १८१.४४ |
| अस्ट्रेलियन डलर | १ को | ९६.९६ | ९७.३६ |
| क्यानाडियन डलर | १ को | १०४.२७ | १०४.७० |
| सिङगापुर डलर | १ को | ११२.५६ | ११३.०३ |
| जापानी येन | १० को | ९.१८ | ९.२१ |
| चिनियाँ युआन | १ को | २०.८२ | २०.९१ |
| साउदी अरब रियाल | १ को | ३८.६९ | ३८.८५ |
| कतारी रियाल | १ को | ३९.८१ | ३९.९७ |
| थाई भाट | ख १ को | ४.६१ | ४.६३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३९.५० | ३९.६७ |
| मलेसियन रिङेट | १ को | ३५.७६ | ३५.९१ |
| दक्षिण कोरियन वन | १०० को | ९.८५ | ९.८९ |
| स्विडिस क्रोनर | १ को | १५.७३ | १५.८० |
| डेनिस क्रोनर | १ को | २२.५२ | २२.६२ |
| हङकङ डलर | १ को | १८.६१ | १८.६९ |
| कुवेती दिनार | १ को | ४७४.४६ | ४७६.४२ |
| बहराइन दिनार | १ को | ३८४.८५ | ३८६.४५ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावीधक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# 'संगठित रूपमा मिथ्या सूचना फैलाउन सुरु भएको छ, सचेत रहौं'

**कीर्तिपुर (काठमाडौं)**– सूचना प्रविधि क्षेत्रका विज्ञहरूले आसन्न प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गरी 'अनलाइन' र 'अफलाइन' माध्यमबाट राजनीतिक दलका समर्थक तथा विरोधीहरूले संगठित रूपमा पनि मिथ्या सूचना फैलाउन सुरु गरेको बताएका छन् ।

त्रिभुवन विश्वविद्यालयको पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभाग र सेन्टर फर मिडिया रिसर्च नेपाल (सिएमआर-नेपाल) ले शनिबार यहाँ आयोजना गरेको 'मिथ्या सूचनाविरुद्ध काठमाडौं सम्मेलन' मा विज्ञहरूले मिथ्या सूचना फैलाउन सुरु भएको र त्यसले जनमतलाई पार्न सक्नेतर्फ सचेत रहनुपर्ने औंल्याएका छन् ।

सम्मेलनमा वक्ता तथा अध्येताहरूले मिथ्या सूचना प्रवाह गर्ने प्रवृत्ति न्यूनीकरण गर्न मिडिया साक्षरता बढाउन आवश्यक रहेको बताए । मणिपाल एकेडेमी अफ हायर एजुकेसनकी प्राडा पद्मा रानीले प्रविधि र पहुँचले गर्दा सही सूचना र मिथ्या सूचनाबीचको अन्तर थाहा पाउन जटिल भएको बताइन् । उनले सामाजिक सञ्जालका साथै मूलधारका मिडियाबाट समेत मिथ्या सूचना आउने गरेकाले त्यसविरुद्ध सरोकार भएका सबै लाग्नुपर्ने धारणा राखिन् ।



त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक संकायका कार्यवाहक डिन डा. वामदेव अधिकारीले सोसल मिडियामार्फत 'डिजिटल वार' भइरहेको उल्लेख गर्दै सत्यतथ्य सूचना पहिचान गर्न र आलोचनात्मक ढंगले हेर्न जरुरी रहेको बताए । त्रिभुवन विश्वविद्यालय पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभागका प्रमुख डा. कुन्दन अर्यालले मिडियाको परिदृश्य परिवर्तन भएको बताए । उनले प्रविधि र सामग्रीले जनमत प्रभावित हुने भएकाले मिडियाले समाजको बृहत्तर हित हेर्नुपर्ने धारणा राखे ।

सिएमआर-नेपालका अध्यक्ष नवीन खतिवडाले हालको परिवेशमा मिथ्या र सत्य सूचना के हो भन्ने अन्योल भएकाले यस विषयमा हुने छलफल र सम्मेलनले त्यसको पहिचानमा सहयोग पुग्ने विश्वास व्यक्त गरे । विज्ञ डा. धिरेन्द्र नाल्बोले मिथ्या सूचनाले हरेक क्षेत्रमा चुनौती थपेको बताए । उनले निर्वाचनका बेला निर्वाचन अभियान र 'प्रोपागाण्डा'सँगै मिथ्या सूचना आउने भएकाले त्यसबाट जोगिन आवश्यक रहेको बताए ।

सञ्चारविज्ञ डा विनोद भट्टराईले मिडियाको प्रयोग गर्ने शैलीमा व्यापक परिवर्तन भएको उल्लेख गर्दै तथ्यमा आधारित जनचाहनाका विषयलाई प्राथमिकता नदिने हो भने पत्रकारिता अझ बढी संकुचित हुने बताए ।

सम्मेलनमा कर्णाली प्रदेशमा मिथ्या सूचनाको प्रभाव, मिथ्या सूचनाबारे जनताको दृष्टिकोण, जनकपुरका युवामा मिथ्या सूचनाको प्रभाव, मुस्लिम समुदायप्रति मिडियामा हुने गलत भाष्यसम्बन्धी अनुसन्धान प्रतिवेदन प्रस्तुत गरिएको थियो । यसैगरी जेन-जी आन्दोलनमा 'डिस्कर्ड'को प्रभाव, समाचार कक्षमा 'एआई'को प्रयोग, सुरक्षामा सूचना असन्तुलनको प्रभाव, समाचार शाखामा तथ्य परीक्षण, पत्रकारिता शिक्षा र मिथ्या सूचना, मधेस प्रदेशमा सोसल मिडियाको प्रयोग र त्यसका असर, नेपालमा 'फ्याक्ट चेक'को अवस्था, पत्रकारिताका विद्यार्थीमा मिडिया साक्षरतालगायत विषयमा प्रस्तुतीकरण गरिएका थिए ।

दुईदिने सम्मेलनमा आइतबार मिथ्या सूचनाको प्रतिकार, मिडिया शिक्षाको भूमिका, जलवायुका विषयमा मिथ्या सूचना र सोसल मिडिया प्लेटफर्महरूको जिम्मेवारीलगायत विषयमा छलफल गरिनाका साथै सोसल मिडियामा सामग्री निर्माताबारे गरिएको अध्ययनको नतिजा प्रस्तुत गरिने जनाइएको छ । *रासस*

## निर्वाचन प्रहरीको पर्याप्त आवेदन नपरेपछि पुनः माग

**रामेछाप (प्रस)**– आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि आवश्यक प्रहरी भर्ना, छनोट तथा नियुक्तिको पुनः समय बढाइएको छ । भर्ना समिति रामेछापले निर्वाचन प्रहरी भर्नाका लागि आवेदन दिन माघ १० र ११ गतेसम्मका लागि दुई दिन म्याद थपेको हो ।

निर्वाचनका लागि जिल्लामा आवश्यक निर्वाचन प्रहरीको यसअघि खोलिएको विज्ञापनअनुसार पर्याप्त आवेदन नपरेपछि पुनः आवेदन दिने म्याद थपिएको जिल्ला प्रहरी प्रमुख भोला भट्टले बताए । रामेछाप जिल्लामा एक हजार ३३३ जना निर्वाचन प्रहरी आवश्यक भएको भए पनि हाल आवेदन दिएका ९०० जना निर्वाचन प्रहरीलाई मात्र तालिम दिने काम भइरहेको छ ।

प्रतिनिधिसभा निर्वाचनका लागि स्वीकृत निर्वाचन प्रहरी भर्ना, छनोट, नियुक्ति तथा परिचालन समिति एकीकृत कार्यविधि-२०८२ अनुसार यसअघि प्रकाशित सूचनामार्फत निर्वाचन प्रहरीका लागि शारीरिक परीक्षण, सहिष्णुता तथा लिखित परीक्षामा सहभागि हुन छुट भएका एवं नयाँ आवेदन दिन चाहनेहरूले समेत माघ ११ गतेसम्मका लागि पुनः म्याद थप गरिएको पनि प्रहरी नायब उपरीक्षक भट्टले बताए ।

# कामपाका सामुदायिक विद्यालयमा बढे बालबालिका भर्ना

**काठमाडौं (प्रस)**– विगतका वर्षहरूमा भन्दा आगामी शैक्षिक सत्रका लागि काठमाडौं महानगरपालिकाको सामुदायिक विद्यालयमा भर्ना हुन आउने नयाँ बालबालिकाको संख्यामा उल्लेख्य वृद्धि भएको छ ।

सरस्वती पूजाका दिन काठमाडौं महानगरभित्रका सामुदायिक विद्यालयमा एक हजार ११५ जना नयाँ बालबालिकाको अक्षरारम्भ गरेका कामपा शिक्षा विभागका निमित्त प्रमुख केशव ज्ञवालीले जानकारी दिए । उनका अनुसार गएको वर्षभन्दा यस वर्ष १४४ जना बढी बालबालिकाले अक्षरारम्भ गरेका छन् ।

काठमाडौं महानगरपालिकाभित्रका सामुदायिक विद्यालयहरूमा सरस्वती पूजाको अवसर पारेर यस वर्ष एक हजार ११५ जना बालबालिकाले अक्षरारम्भ गरेका छन् । यसरी अक्षरारम्भ गर्नेहरूमा ५२५ जना छात्रा र ५९० जना छात्र छन् । यो संख्या गएको वर्षभन्दा १४४ जनाले बढी हो । गएको वर्ष यस दिन ९७१ जना बालबालिकाले अक्षरारम्भ गरेका



थिए । महानगरपालिकाभित्र ८७ वटा सामुदायिक विद्यालय छन् । यीमध्ये कारागारभित्रका विद्यालयमा प्रारम्भिक बाल विकास कक्षा (इसिडी) छैनन् । बाँकी विद्यालयहरूमा छन् ।

अक्षरारम्भ कार्यक्रमअन्तर्गत ज्ञानोदय माध्यमिक विद्यालयमा सहभागी हुँदै महानगरपालिकाकी कार्यवाहक प्रमुख सुनिता डंगोलले बालमैत्री वातावरणमा उनीहरूको सर्वांगीण विकासको जग बलियो बनाउने कामलाई महानगरपालिकाले प्राथमिकता राखेको उल्लेख गरिन् । 'सामुदायिक विद्यालयहरूबाट प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्ने नतिजाका लागि नीति, योजना तथा कार्यक्रम तर्जुमा गरिएको, स्रोत, साधन र उपकरणमा लगानी बढाइएको, मानव संशाधन विकासमा जोड दिएका छौं । यसबाट विद्यालयहरूबाट उत्कृष्ट नतिजा प्राप्त हुने छ,' उनको भनाइ थियो । धेरै बालबालिकाले अक्षरारम्भ गरेका विद्यालयमध्ये ज्ञानोदय माध्यमिक विद्यालय वाफलमा ८७ जना, नीलबाराही माध्यमिक विद्यालय, टंकेश्वरमा ५० जना र भानु माध्यमिक विद्यालय, रानीपोखरीमा ४२ जना छन् ।

प्रारम्भिक बाल विकास कक्षाहरूमा बाल केन्द्रित सिकाइको स्तर वृद्धि गर्न महानगरपालिकाले विद्यार्थी संख्याका आधारमा प्रारम्भिक बाल विकास सहजकर्ता व्यवस्थापन गरेका कारण प्रारम्भिक बाल विकास कक्षामा बालबालिकाको आकर्षण बढेको हो । निमित्त प्रमुख ज्ञवालीका अनुसार अक्षरारम्भ गरेका बालबालिका नियमित विद्यालय आउन चाहेमा कक्षा कोठाको प्रबन्ध गरिएको छ । नियमित कक्षाका लागि भर्ना भने वैशाख महिनामा हुने छ ।


"प्रयोगमैत्री संरचना, शिक्षा, पर्यटन र कृषि, समतामुलक विकास समृद्धि"

**इन्द्रसरोवर गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**कुलेखानी, मकवानपुर**

**पुनः बोलपत्र आव्हान सम्बन्धी सूचना**

**प्रकाशित मिति : २०८२/१०/११ गते**

यस इन्द्रसरोवर गाउँपालिकाको तपसिलमा निर्माण कार्य तथा नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरूले फर्म नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.२०८१/०८२ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरू संलग्न गरी बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित शर्तहरूको अधिनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | बोलपत्रको नामक | उत्खनन् परिमाण (घ.फिट)/लागत अनुमान | न्यूनतम वोलतत्र रकम रु. (सेवा शुल्क र मू.अ.क बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | IRM/NCB/IRC/01/ RE-02/2082/083 | वडा नं.१ मा रहेका निर्धारित क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन, संकलन, बिक्री तथा निकासी गर्ने | ३,२५,४५९.९७ | २२,७८,२१९.७९ | कबोल अंकको ५% | ३,००० | तेस्रो पटक प्रकाशित |
| २. | IRM/NCB/IRC/03/ RE-3/03/2082/083 | वडा नं.३ मा रहेका निर्धारित क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन, संकलन, बिक्री तथा निकासी गर्ने | २७,९२,०४८.१८ | १,९५,४४,३३७.३० | | ३,००० | |
| ३. | IRM/SQ/01/ RE-01/W-7/2082/083 | Construction of Ramchandra vanjyang health centre | १३,२८,६९०.९४ | | ४०,०००.०० | १,०००.०० | दोस्रो पटक प्रकाशित |

**Information to deposit cost of bidding document and bid bond security in the bank.**

| Office Name | Indrasarowar Rural Municipality | Remarks |
|---|---|---|
| Rajaswa A/C Name and No. For Bid Document Fee | **Acc. Name** : Ga 1.1 Antarik Rajaswa Khata (Indrasarowar Ga.Pa.) **Acc. No.** 35604010000008 | For Bid Document Fee |
| Dharauti A/C Name and No. | **Ac. Name** : Sthaniya Taha Dharauti Khata (Indrasarowar Ga Pa) **Acc. No.** 35604010000004 | For Bid Security Amount |
| Bank Name and Branch | Global IME Bank Limited, Indrasarowar Branch, Makawanpur | |

- **बोलपत्र पेश गर्ने अन्तिम मिति र समय** : २०८२/१०/२५ दिनको १२:०० बजेभित्र (Only E–Bid)
- **बोलपत्र खोल्ने मिति, समय र स्थान** : २०८२/१०/२५ दिनको १४:०० बजे, इन्द्रसरोवर गाउँ कार्यपालिकाको कार्यालय, कुलेखानी मकवानपुर
- बोलपत्र सम्बन्धी शर्तहरू तथा थप जानकारीका लागि indrasarowarmun@gmail.com, infra.indrasarowar@gmail.com, मा सम्पर्क गर्नुहोला । साथै www.bolpatra.gov.np बाट पनि Download गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**



**साउदीमा रोजगार** कम्पनी : **ICON GULF CONTRACTING COMPANY**

पूर्व स्वीकृति मिति : २०८२/१०/०८ | LT. No. 337458 | चलानी नं. ६०२५१०७१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Electrician | 1 | 0 | 1600 | ६२,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **MASSARAT AL-IMTIAZ FOR MAINTENANCE**

पूर्व स्वीकृति मिति : २०८२/१०/०८ | LT. No. 337604 | चलानी नं. ६०२५१०७०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Operator | 5 | 0 | 2500 | ९७,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Labours | 13 | 0 | 1000 | ३८,९१० | | | | | | | |
| 3 | Driver-heavy Truck | 4 | 0 | 1800 | ७०,०४० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ १८ गते (1st Feb. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**WORKFORCE SERVICES PVT. LTD.**
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np
श्रम ईजाजत नं. १७२/०५६/५७



**कुवेतमा रोजगार** कम्पनी : **CAVO BURGER RESTAURANT COMPAMY** शहर : Kuwait

पूर्व स्वीकृत मितिः २०८२/१०/०८ | चलानी नं.: ६०२५११३७ | LT.No.: 337673

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 8 | 0 | स. काममा दक्ष | 120 | ५७,४४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **MATCHA OSAKA HOT & COLD BEVERAGE COMPANY** शहर : Kuwait

पूर्व स्वीकृत मितिः २०८२/१०/०९ | चलानी नं.: ६०२५१०५५ | LT.No.: 337600

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners (Indoor) | 2 | 0 | सम्बन्धित काममा दक्ष | 100 | ४७,८७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter | 3 | 0 | | 150 | ७१,८०८ | | | | | | | |
| 3. | Waitress | 0 | 5 | | 150 | ७१,८०८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ १८ गते (1 February 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.**
Gov. Lic No. 1746 /081/82
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590, 9802390077 | Email: mahainfo59@gmail.com



## INVITATION FOR SEALED TENDER BIDS

(First date of publication: 25th January, 2026, Sunday)

**Description of works:** NMB Bank Limited solicits sealed Tender bids from interested and eligible bidders for Supply, Delivery and Installation of Server for Data Center.

1. Eligible bidders may obtain the RFP document upon submission of a written application along with a cash deposit voucher of NPR 2,000.00 (non-refundable) per document, deposited in the account: "Bid Document Purchase Parking Account" (00901371300114).
2. The tender bid shall consist of a sealed technical bid and a sealed financial bid, as described in the "RFP Document," in accordance with the schedule given below:

| S.N. | Activity | Date/Venue |
|---|---|---|
| 1. | Submission of Sealed Tender Bids | The duly completed Bid/RFP documents must be submitted to the address below, with the Technical Bid and Financial Bid separately sealed and properly stamped, on or before 5:00 PM within **15 days (i.e., 8th February 2026)** from the date of publication of this notice. In the event that the last submission day falls on a public holiday, bids may be submitted on the next working day. |
| 2. | Opening of Sealed Technical Bids | Will advice later |
| 3. | Opening of Sealed Financial Bids | Will advice later |

3. The bidder must have supplied at least one (1) server to an "A" Class Commercial Bank in Nepal within the last five years.
4. The proposed hardware must not reach End of Life (EOL) within the next five years.
5. Eligible bidders must submit all documents outlined in the RFP document. Failure to do so shall result in the rejection of the bid.
6. The Bank reserves the right to accept or reject any or all applications without assigning any reason whatsoever.
7. Eligible and interested bidders may contact the Bank for any relevant inquiries or clarifications at:

**Projects & Strategic Sourcing Department,**
**NMB Bank Limited,**
**6th Floor, Krishna Tower,**
**New Baneshwor, Kathmandu**
**Phone: 01-4217117 Ext-1578**

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | FMO Entrepreneurial Development Bank | Member of : Global Alliance for Banking on Values

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# भावी प्रधानमन्त्रीका उम्मेदवारहरूको 'लाइभ डिबेट' होस्

नेपालको राजनीतिक बहसमा एकाएक एउटा सकारात्मक माग गुञ्जिन थालेको छ– भावी प्रधानमन्त्रीका उम्मेदवारहरूबीच 'लाइभ डिबेट' अर्थात् 'प्रत्यक्ष बहस' होस् । यो माग भावी प्रधानमन्त्रीका उम्मेदवारहरूको नीति, दृष्टिकोण, प्राथमिकता र नेतृत्व क्षमताको तुलनासँग सम्बन्धित छ । यहाँ पूर्वतयारीसहितको भाषण होइन, तत्कालिक सोच र तर्कको परीक्षण हुन्छ ।

विश्वमा संसदीय प्रजातन्त्रको अभ्यास गरिरहेका देशहरूमा प्रधानमन्त्री वा राष्ट्रपतिको बहस सामान्य मानिन्छ । नेपालमा २०७९ को निर्वाचनमा भावी प्रधानमन्त्रीका उम्मेदवारहरूबीच 'लाइभ डिबेट'को माग भएको थियो । त्यतिबेला एमाले अध्यक्ष केपी शर्मा ओली तयार भए । कांग्रेस सभापति शेरबहादुरले वास्ता गरेनन् । लाइभ डिबेट भएन । यसपटक केही लेखक, पत्रकार र नेतासम्मले यस्तो बहसको माग गरेका छन् । भावी प्रधानमन्त्रीका उम्मेदवारहरू कांग्रेस सभापति गगनकुमार थापा, एमाले अध्यक्ष ओली, नेकपा संयोजक पुष्पकमल दाहाल, राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र साहदेखि श्रम संस्कृति पार्टीका अध्यक्ष हर्कराज साम्पाङ, उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङ आफ्ना दलबाट घोषित हुन् ।

ठूला दलका नेतृत्वहरू ओली, थापा र दाहाल सकारात्मक छन् । नयाँ नेतामध्ये हर्क र कुलमान पनि लाइभ डिबेट गर्न तयार छन् । तर, बालेन मौन छन् । उनले लाइभ डिबेटलाई 'जोखिम'ठानेका हुन सक्छन् । खासमा यो त लोकतान्त्रिक अभ्यासलाई परिपक्व बनाउने औजार हो । प्रधानमन्त्री बन्न चुनावी मैदानमा उत्रिएका नेताहरूको शासनसत्ता सञ्चालनसँगै देशको विकास र समृद्धिको मार्गचित्र जनताले थाहा पाउने मञ्च हो । तर, देशको कार्यकारी नेतृत्व सम्हाल्न चाहनेहरू किन जनतासामु उभिएर बहस गर्न हिच्किचाइरहेका छन् ? जबकि, बहस लोकतन्त्रको सौन्दर्य हो, खतरा होइन । लोकतन्त्रमा चुनाव पोस्टर, भाषण र नाराको प्रतिस्पर्धा होइन ।

लाइभ डिबेटले मत बदल्दैन, तर नेतृत्व चिनिन्छ । अर्कोतर्फ प्रधानमन्त्री बन्न चाहनु भनेको जनतासँग सत्ताशक्तिको जनादेश माग्नु हो । त्यसरी जनादेश माग्नेले प्रश्नबाट भाग्न पाउँदैन । र, यदि भावी प्रधानमन्त्रीका उम्मेदवारहरूबीच बहस नगर्ने संस्कृति कायमै रह्यो भने भोलि संसद्, सञ्चार र नागरिक प्रश्नबाट पनि पन्छिने प्रवृत्ति मौलाउने छ ।

त्यसैले लाइभ डिबेटको माग कुनै व्यक्ति विशेषविरुद्ध होइन, लोकतन्त्रको पक्षमा हो । यसका लागि संवैधानिक अंग निर्वाचन आयोग, प्रमुख सञ्चार माध्यम र राजनीतिक दलहरूको साझा पहलमा प्रधानमन्त्रीका उम्मेदवारबीच लाइभ डिबेटको मञ्च तयार गर्नुपर्छ । तर, लाइभ डिबेटको नियम स्पष्ट होस्, समय समान होस्, प्रश्न निष्पक्ष होस् ।

**श्रम सरोकार**

## सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिंदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

**के-के छन् फाइदा ?**

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

**योगदान रकम कसरी जम्मा गर्ने ?**

रकम जम्मा गर्न कतै जानै पर्दैन । अनलाइन भुक्तानी च्यानल प्रयोगकर्ताहरूले सजिलै जम्मा गर्न सकिन्छ । कनेक्ट आइपिएस, खल्ती, इ-सेवा, फोन पेलगायतका भुक्तानी प्रणालीमार्फत नियमित योगदान गर्न सकिन्छ ।

# 'कुष्ठरोगलाई अबको ३० वर्षभित्र शून्यमा झार्न सकिन्छ'

विश्वभर कुष्ठरोग निवारण गर्ने उद्देश्यले ७३ वर्षदेखि सुरु भएको विश्व कुष्ठरोग दिवस आज विश्वभर मनाइँदै छ । बर्सेनि दिवस मनाउँदै आइए पनि कुष्ठरोग निवारण हुन सकेको छैन । नेपालमा 'पूर्वजुनीको पाप'का रूपमा लिने गरिएको कुष्ठरोग कुनै पापका कारण हुने रोग भने होइन । यो एउटा छालाको रोग हो । यसलाई समयमा नै उपचार गर्ने हो भने पूर्णरूपमा निको हुन्छ । कुष्ठरोगको लक्षण देखापरेपछि लुकाएर राखेमा यसले शरीरका अंगहरु झर्न सक्छ । 'कुष्ठरोगको छ ओखती: सामाजिक लाञ्छना र विभेद मुख्य चुनौती' नारासहित ७३औं विश्व कुष्ठरोग दिवस मनाउन गइरहेको सन्दर्भमा वरिष्ठ छालारोग विशेषज्ञ एवं नेपाल कुष्ठरोग निवारण संघका अध्यक्ष **डा. रामकुमार श्रेष्ठ**सँग *प्रभाव*का लागि **वैकुण्ठ भण्डारी**ले गरेको कुराकानी:



**डा. रामकुमार श्रेष्ठ**, वरिष्ठ छालारोग विशेषज्ञ

**पहिले कुष्ठरोग लागे पूर्वजन्मको पाप भन्ने गरिन्थ्यो, अहिले समाजमा हेर्ने दृष्टिकोण कस्तो रहेको पाउनुहुन्छ ?**

कुष्ठरोग पहिले पहिले पूर्वजन्मको पाप भनिन्थ्यो । त्यो अशिक्षाका कारणले गर्दा नै भएको हो । पहिले र अहिले धेरै परिवर्तन भइसकेको छ । अहिले धेरै जनचेतना वृद्धि भइरहेको छ । रोग पनि पहिलेभन्दा प्रतिशतमा धेरै कमी आइसकेको छ । विभिन्न सञ्चारमाध्यम, सामाजिक सञ्जालबाट अथवा शिक्षाले गर्दाखेरी अहिले कुष्ठरोगप्रति हेर्ने दृष्टिकोण परिवर्तन भइरहेको छ । पहिलाजस्तो पूर्वजन्मको पाप भएको भन्ने कुरा हटिसकेको छ र अहिले सामान्य अरु रोगजस्तै माइक्रो ब्याक्टेरिया नेप्रोसिप भन्ने किटाणुबाट हुने भन्ने कुरा थाहा हुँदै गएको छ । साथै, सही समयमा छिट्टै औषधि उपचार गरिए अरु रोगजस्तै निको हुने भन्ने प्रचार धेरै भइसकेकाले सुधार हुँदै आएको छ ।

**विगतमा समाजले लगाउने लाञ्छना र अहिले रोगबारे जानकारी पाइसकेपछिको विभेद विश्वभरमै छ नि ?**

थोरै अहिले पनि विभेद छ तर विस्तारै कम हुँदै गएको छ । हालैका बिरामीहरू रोग लागेको थाहा पाउनेबित्तिकै आफूलाई पीडा महसुस हुँदा अथवा कसैको स्पर्श थाहा नपाउँदा उपचार गर्न आउने बिरामीहरूका लागि थेरापीका माध्यमबाट उपचार गर्न थालिएको छ । थेरापीका माध्यमबाट गरिएको उपचार र रोगको औषधिले गर्दा छिट्टै निको हुन्छ भन्ने प्रभाव परिसकेको छ । विगतमा जस्तो कुष्ठरोग लाग्यो भनेर दु:खी हुने अवस्था कम हुँदै आएको छ । कतिपय पहाड तथा तराईका विकट क्षेत्रहरूमा भने अझै पनि जानकारी नहुँदा त्रसित हुने अवस्था देखिन्छ । सहरी क्षेत्रमा अहिले कम हुँदै आएको छ ।

**तपाईंसँग उपचार गराउन आउने बिरामीको अवस्था हेर्दा के पाउनु हुन्छ ?**

पहिले धेरै बिरामी आउने भएता पनि अहिले धेरै कम आउने गर्दछन् । हालैको तथ्यांकअनुसार दुई हजार ४०९ जनाजति बिरामी फेला परेका देखिन्छ । हाम्रो लक्ष्य भनेको एक हजारमा एक जनाभन्दा कम गर्ने हो । विस्तारै बिरामी कम हुँदै गएको देखिन्छ । बिरामीहरू लुकेर बसेको अवस्था पनि हुन सक्दछ, तथापि पहिलाको तुलनामा धेरै कम भइसकेको छ । विगतमा कुष्ठरोग लागेपछि घरबाट बाहिर निकालिने अवस्था हुन्थ्यो भने अहिले छिट्टै औषधि गरेमा सतप्रतिशत निको हुन्छ भन्ने कुरा बुझिसक्नुभएको छ । त्यसकारण तत्काल उपचारमा गएर अपांगताको अवस्थामा पुग्नबाट बच्नु नै मुख्य विषय बनेको छ । औषधि नगरेको खण्डमा अपांगताको अवस्थामा पुग्ने, हात खुट्टा झर्ने, मुख बांगो हुने, आँखा नदेख्ने र हेर्दा रूप नराम्रो देखिने हुन्छ ।

**कुष्ठरोगले मृत्यु हुन्छ कि हुँदैन ?**

कुष्ठरोगले ज्यान नलिए पनि हेर्दाखेरी नराम्रो देखिएकै कारण हेला पाउने गर्दछन् । तर अहिले अपांगता हुनबाट बच्नका लागि उपचार भएको हुँदा आफूलाई शंका लाग्नसाथ स्वास्थ्य संस्थामा गई औषधि गरेमा पूर्ण निको हुने र अरुलाई सर्नबाट बचाउन सकिन्छ । कुष्ठरोगको सरुवा रोगबाट धेरै ब्याक्टेरिया निस्किने हुँदा अहिलेको बहुउपचार थेरापीले गर्दा ९९.९ प्रतिशत किटाणु मार्ने गर्दछ । त्यसले गर्दा पनि आफू बच्ने र अरुलाई पनि यस्ता रोगबाट बचाउन सकिन्छ । त्यसकारण रोगको लक्षण देखापर्ना साथ औषधि उपचार गरेर अपांगता हुनबाट बच्नुपर्ने हुन्छ ।

**कस्तो लक्षण देखापरेमा आफूलाई कुष्ठरोग लागेको थाहा पाउन सकिन्छ ?**

कुष्ठरोग दुई प्रकारको हुन्छ । एउटा पाउसीबेसिलरी अर्को मल्टिबेसिलरी । मल्टिबेसिलरी भनेको धेरै किटाणु भएको र त्यसले करोडौं ब्याक्टेरिया फाल्छ । जसको कारण अरुलाई पनि सर्ने गर्दछ । किटाणु सरेपश्चात् यो रोगको लक्षण तीन देखि सात वर्षभित्रमा मात्र देखिने गर्दछ । त्यो रोग लाग्दाखेरि मान्छेको प्रतिरक्षा शक्ति कति छ भन्नेमा भर पर्दछ । रक्षा शक्ति राम्रो भएमा पाउसीबेसिलरी अर्थात् नसर्ने रोगमा जान्छ तर प्रतिरक्षा शक्ति कम छ भने मल्टिबेसिलरी रोगतिर जान्छ ।

यो रोग शरीरको शक्तिमा भर पर्ने गर्दछ । कुष्ठरोग रोग नसा र मासुमा लाग्ने भएकाले किटाणु नाकबाट भित्र पसेपछि मासुको म्याक्रोफेज भन्ने सेलमा मल्टिप्लाइ भएर बढ्छ । दुख्ने र झमझमाउने हुँदा थाहा नपाउने हुन्छ । मुख, शरीरमा रातो डल्लोहरू आउने हुन्छ र तातो चिसो छालाले थाहा पाउँदैन । थाहा नपाएको खण्डमा लागेको घाउको उपचार नगर्दा हातखुट्टा झर्ने नसा सुन्निने भएर आउँछ । कुनै पनि नचिलाउने फुस्रो तथा रातो दाग आएको थाहा पाउनेबित्तिकै तुरुन्त अस्पताल गई उपचार गरेमा निको हुन्छ । पाउसीबेसिलरी भएमा छ महिनाभित्र औषधि गरे निको हुन्छ भने मल्टिबेसिलरी भएमा एक वर्ष उपचार गरेमा ठीक हुने गर्दछ । जसले रोगसँग बच्न, अपांगता हुनबाट जोगाउँछ र अरुलाई पनि सर्दैन ।

**त्यसो भए रोगको निदान तत्काल गर्नुपर्‍यो ?**

हो, यो रोगलाई दीर्घजीवी रोगका रूपमा लिनुपर्दछ । टिबी रोग लागेमा मरिन्छ तर कुष्ठरोगले मान्छे मर्दैन । कुष्ठरोगले हातखुट्टा झर्ने, रूप नराम्रो हुन्छ तर मान्छेको मृत्यु हुँदैन ।

**उपचारका क्रममा के–कस्ता दृश्य तथा घटनाहरू देख्नुभएको छ ?**

समयमा नै उपचार नहुँदा कुष्ठरोग लागेको व्यक्तिको मुख बांगिएको, हातखुट्टा झरेको, अनुहार बिग्रिएर कुरूप भएका दृश्यहरू देखेको छु । त्यसकारण पनि समाजमा उसलाई पूर्वजुनीको पाप भनेर विभेद गर्ने, लाञ्छना लगाउने भएको हो । समाजमा भएको यही विभेद र कुष्ठरोगको वास्तविकताबारे जानकारी नहुँदा बिरामीहरू घरबाट निकालिएका मात्र होइन, समाजबाट नै बहिस्ककरणमा परेका छन् । जसले बिरामीलाई त जीवन जिउनका लागि कठिन भयो नै उनीहरूसँग बालबालिका पनि त्यसको प्रभावमा पर्ने गरेका थिए । बाबुआमाका कारण बालबालिकालाई पनि उस्तै किमिसको विभेद र लाञ्छना खेप्नुपरेका धेरै उदाहरण छन् ।

**कुष्ठरोग कस्ता व्यक्तिलाई हुन सक्छ त ?**

यो रोग जसलाई पनि लाग्न सक्छ तर धेरैजसो १० देखि १५ वर्षका बालबालिकाहरूलाई लाग्ने गर्दछ । जस्तो मान्छेलाई पनि रोग लागिहाले समयमै उपचार गरेमा रोग निको हुने गर्दछ । म आफैंले डाक्टर, इञ्जिनियर, मन्त्रीलाई समेत उपचार गरेको छु । विशेषगरी बालबालिकाहरूमा बढी यो संक्रमण बढ्न सक्छ । त्यसकारण कुष्ठरोग उपचार गरे निको हुने रोग भएका कारण शंका लाग्नेबित्तिकै उपचार गराइहाल्नुपर्दछ ।

**अरु स्वास्थ्य उपचारमा नगएर समाजबाट बहिस्कृत भएका कुष्ठरोगीहरूकै उपचारमा किन लाग्नु भो ?**

म आफू जलेश्वर अस्पतालमा छालारोग विशेषज्ञका रूपमा काम गर्थें । म पहाडको मान्छे, तराईका बसेर बिरामीको उपचार गरिरहेको थिएँ । त्यही बेला लण्डनबाट छात्रवृत्तिको आवेदन खुल्यो । मैले आवेदन दिएको केही समयमा नै म छनोटमा परें । म छनोटमा परेको जानकारीसँगै सात दिनभित्र लण्डन पुग्नुपर्ने भयो । म यता छाडेर लण्डन पढ्नका लागि गएँ । त्यहाँ पुगेपछि मैले अझ थप अध्ययन गरेर फर्किए । पछि डा. गौरीशंकरलाल दासले कुष्ठरोग निवारणका लागि काम गर्नुपर्छ भने पनि म कुष्ठरोगको बिरामीको सेवा गर्न थालेको हुँ ।

**कुष्ठरोग भन्नेबित्तिकै फरक दृष्टिकोणले हेरिन्थ्यो, तर तपाईं यसमा नै सक्रिय हुनु भयो, किन ?**

मनिसहरूले नबुझेर हो । कुष्ठरोग भनेको पनि छालासम्बन्धी एक किसिमको रोग नै हो । अहिले ४३ वर्षदेखि निरन्तर कुष्ठरोगीहरूको सेवामा नै लागिरहेको छु । उपचारका लागि औषधि त सरकारले नै उपलब्ध गराउँछ । तर जब म कुष्ठरोग निवारण संघमा बसेर काम गर्न थालें, सबैभन्दा बढी मलाई आकर्षण गरेको विषय कुष्ठरोग लागेका बिरामीका बच्चाहरूको हो । त्यसबेला समयमा नै उपचार नपाएका कारण धेरै कुष्ठरोगीहरूलाई समाजबाट बहिस्कृत गर्ने गर्दा बालबालिकाहरू शिक्षालगायतका कुराबाट वञ्चित हुनुपरेका थिए । त्यसलाई रोक्न हामीले सक्यौं । बिरामीहरूलाई छुट्टै राखेर उपचार गराउँदा आनन्दको जीवन बिताइरहेका छन् भने बालबालिकाहरूले पनि पढ्न लेख्न पाएका छन् ।

**कुष्ठरोग दिवस मनाउन थालिएको नै ७३ वर्ष भयो । अझै पनि निवारण हुन सकेको छैन नि ?**

यो रोगलाई शून्यमा झार्नका लागि निकै कठिन छ । अरु रोगका भ्याक्सिन बनिसकेका छन् । तर कुष्ठरोग लाग्ने व्याक्टेरियाको भ्याक्सिन अहिलेसम्म बनेको छैन । महत्त्वपूर्ण कुरा के हो भने कुष्ठरोगको व्याक्टेरिया शरीरमा प्रवेश गरेको तीनदेखि सात वर्षमामात्र लक्षण देखिने भएकाले पनि अरु रोगजस्तो तत्काल नियन्त्रण गर्न सकिँदैन । यो वर्षमात्र दुई हजार ४०९ जना कुष्ठरोगीको तथ्यांक आएको छ । अरु लुकाएका संख्या पनि धेरै हुन सक्छन् । विश्वमा यो रोग अहिले पनि छ । न्युजिल्याण्डबाहेक हरेक देशमा यो रोग निवारण हुन सकेको देखिँदैन । अहिलेकै अवस्थामा काम गर्दै जाने हो भने अर्को ३० वर्षभित्र यसलाई शून्यमा झार्न सकिन्छ ।

**अरु देश र नेपालको अवस्थालाई हेर्ने हो भने कुष्ठरोगको उपचार पद्धतिमा केही फरक छ ?**

छैन । विश्वभर नै एउटै हो । कुष्ठरोगको उपचारका लागि डब्लु एचओले दिएको औषधि विश्वभर एउटै छ । बाहिर किन्न पाइँदैन । कुष्ठरोगको बेलैमा उपचार नगर्नाले हातखुट्टा झर्ने भएकाले त्यसको अप्रेसन छिटो छरितो र सुरक्षित विदेशमा होला अन्यथा अरु केही फरक छैन । यसलाई न्यूनीकरण गर्ने एउटै उपाय भनेको घरघरमा गएर रोग छ कि छैन भनेर लक्षण परीक्षण गर्ने हो ।

**अन्त्यमा, कुष्ठरोग निवारणका लागि सरकार र नागरिकलाई के भन्न चाहनुहुन्छ ?**

सबैले एउटै कुरा मनन् गरौं, कुष्ठरोग औषधि खाए निको हुन्छ । तर त्यसका लागि लक्षण देखिनासाथ उपचार गराउन गइहालौं । लुकाएर नराखौं । कुष्ठरोग लुकाउँदा बढ्दै गएर हातखुट्टा झर्ने र कुरूप देखिन सक्छ । त्यसैले पनि तीन तहकै सरकार, सरोवाला सबैले आमनागरिकसम्म सचेतना जगाउन काम गरौं ।

- कुष्ठरोग पहिले पहिले पूर्वजन्मको पाप भनिन्थ्यो । त्यो अशिक्षाका कारणले गर्दा नै भएको हो । पहिले र अहिले धेरै परिवर्तन भइसकेको छ । अहिले धेरै जनचेतना वृद्धि भइरहेको छ । रोग पनि पहिलेभन्दा प्रतिशतमा धेरै कमी आइसकेको छ ।
- बिरामीहरु लुकेर बसेको अवस्था पनि हुन सक्दछ, तथापि पहिलाको तुलनामा धेरै कम भइसकेको छ । विगतमा कुष्ठरोग लागेपछि घरबाट बाहिर निकालिने अवस्था हुन्थ्यो भने अहिले छिट्टै औषधि गरेमा सतप्रतिशत निको हुन्छ भन्ने कुरा बुझिसक्नुभएको छ ।
- कुष्ठरोगले ज्यान नलिए पनि हेर्दाखेरी नराम्रो देखिएकै कारण हेला पाउने गर्दछन् । तर अहिले अपांगता हुनबाट बच्नका लागि उपचार भएको हुँदा आफूलाई शंका लाग्नसाथ स्वास्थ्य संस्थामा गई औषधि गरेमा पूर्ण निको हुने र अरूलाई सर्नबाट बचाउन सकिन्छ ।
- यो रोग जसलाई पनि लाग्न सक्छ तर धेरैजसो १० देखि १५ वर्षका बालबालिकाहरूलाई लाग्ने गर्दछ । जस्तो मान्छेलाई पनि रोग लागिहाले समयमै उपचार गरेमा रोग निको हुने गर्दछ ।
- सबैले एउटै कुरा मनन् गरौं, कुष्ठरोग औषधि खाए निको हुन्छ । तर त्यसका लागि लक्षण देखिनासाथ उपचार गराउन गइहालौं । लुकाएर नराखौं ।
- कुष्ठरोग लुकाउँदा बढ्दै गएर हातखुट्टा झर्ने र कुरूप देखिन सक्छ । त्यसैले पनि तीन तहकै सरकार, सरोवाला सबैले आमनागरिकसम्म सचेतना जगाउन काम गरौं ।

# आमाहरूको निर्वाचन प्रहरी बन्ने रहर

■ हिमाल लम्साल



वीरगञ्ज (पर्सा)- पर्साको विन्दवासिनी गाउँपालिका-१ स्थायी घर भएकी शिशकुमारीदेवी विनिन् तेस्रोपटक निर्वाचन प्रहरी बन्ने अभिलासासहित वीरगञ्जको नारायणी रंगशालामा शारीरिक अभ्यासका लागि जुटिरहेकी छन् । उमेरले ५३ वसन्त पार गरेकी तीन सन्तानकी आमा रहेकी उनी रहरले भन्दा पनि परिवारको आर्थिक अवस्थाको कारणले निर्वाचन प्रहरीमा होमिनुपरेको सुनाउँछिन् ।

'यो उमेरमा रहरले त के हुन्थ्यो र ! परिवारको बिहान-साँझको गर्जो टार्नकै लागि भए पनि निर्वाचन प्रहरीमा आएकी हुँ,' उनले भनिन्, 'यसअघिका दुईपटकको चुनावमा म्यादी प्रहरीको अनुभव भइसकेकाले पनि यो पटक पनि छनोट हुने आशा लिएकी छु ।'

तीन सन्तानमध्ये एक छोरा नौ कक्षा र अर्को छोरी पाँच कक्षामा अध्ययनरत रहेका छन् । अर्का छोरा भने सवारीदुर्घटनामा परेर ढाड नचल्ने समस्याबाट गुज्रिरहेका छन् । उनको पति भने खेती किसानी गर्दै आइरहेका छन् । घाइते छोराको उपचारार्थ केही रकम जोहो गर्नकै लागि भए पनि निर्वाचन प्रहरी बन्न लागेको उनी बताउँछिन् । 'अघिल्ला दुई निर्वाचनमा त छनोट भएकी थिएँ । यसपालि के हुने हो हेरौं,' उनले भनिन्, 'निर्वाचन प्रहरीमा छनोट भएको खण्डमा निर्वाचनलाई राम्रोसँग अघि बढाउने रहर छ ।'

अहिले पर्सा जिल्लामा निर्वाचन प्रहरी बन्ने दौडमा विनिनमात्रै नभएर ३२ वर्षे दुई सन्तानकी आमा तेतरीदेवी चमार पनि कसरत गरिरहेकी छन् । स्थायी घर पर्साको पोखरिया नगरपालिका भएकी उनले जसरी पनि निर्वाचन प्रहरी बन्ने सपना देखेर आएको बताइन् । 'निर्वाचन प्रहरी भएर खटिँदा देशको सेवा पनि हुने केही रकम आम्दानी पनि हुने देखेर आएकी हुँ,' उनले भनिन्, 'निर्वाचन प्रहरी बनेर छोराछोरीको पढाइ खर्च जुटाउन केही सहज होला कि भनेर आएकी हुँ ।'

वीरगञ्जको नारायणी रंगशालाको मैदानमा विनिन र तेतरीदेवीमात्रै नभएर पर्साको बहुदरमाई नगरपालिका-९ मा बसोबास गर्ने दुई छोराकी आमा चन्द्रमादेवी पनि निर्वाचन प्रहरी बन्ने सपना बोकेर वीरगञ्जको नारायणी रंगशालामा उत्रिएकी छन् । 'आर्थिक अवस्था कमजोर भएकाले नै नर्सरीमा पढ्ने छोरालाई छाडेर निर्वाचन प्रहरी बन्ने दौडमा लागेकी छु,' उनले भनिन्, 'निर्वाचन प्रहरी भएर देशको सेवाको साथसाथै केही अर्थोपार्जन पनि हुने भएकाले आएकी हुँ ।'

उनले आफ्नो एउटा छोरो कक्षा आठ र अर्को छोरो नर्सरीमा अध्ययनरत रहेको बताइन् । उनको पति भने फोहोरमैला व्यवस्थापनसम्बन्धी काम गर्दै आएका छन् । अन्य विभिन्न उमेर समूहका पुरुष तथा महिला निर्वाचन प्रहरी बन्ने सपना बोकेर वीरगञ्जको नारायणी रंशालामा शारीरिक अभ्यासमा सहभागी भएका छन् । तीमध्ये १९ वर्षे युवती कुशुकुमारी पनि निर्वाचन प्रहरी बन्न कसरत गरिहेकी छन् ।

'फागुन २१ गतेदेखि हुने चुनावलाई सफल गराउन र केही रकम भए पनि कमाउनका लागि निर्वाचन प्रहरी बन्न आएकी हुँ,' उनले भनिन्, 'हामीजस्तै जेन-जी उमेर समूहका साथीहरूले आन्दोलन सहादत प्राप्त गर्नुभयो, हामी भने निर्वाचन सफल गराउन र तिनै सहिदहरूको चाहना पूरा गराउन सहभागी भएका हौं ।' पर्साको बहुदरमाई नगरपालिका-७ विश्रामपुरका २४ वर्षे युवा अमृत महतो पनि निर्वाचन प्रहरी बन्ने अभिलाशा बोकेर शारीरिक छनोटमा जुटेका छन् ।

'म यसअघि वनरक्षक, नेपाल प्रहरी र सशस्त्र प्रहरीमा जवान बन्नका लागि दुई-तीन पटक प्रतिस्पर्धा गरिसकेँ तर अहिलेसम्म सफलता हात पार्न सकेको छैन,' उनले भने । एकपटक निर्वाचन प्रहरी बनेर देशको सेवा पनि गरौं भन्ने चाहनाले आएको महतोले बताए ।

निर्वाचन प्रहरीको अनुभवले प्रहरी जवान बन्नका लागि पनि केही सहयोग होला कि भन्ने उनको बुझाइ रहेको छ । निर्वाचन प्रहरी बन्ने रहर बोकेका महतोले आफू निर्वाचन प्रहरी बनेर स्वच्छ र पारदर्शी निर्वाचन गराउन प्रयत्न गर्ने बताए । 'अहिले जेन-जीको सरकार रहेको छ । पक्कै पनि भयरहित र शान्तिपूर्ण निर्वाचन गराओस् भनेर नै यसमा सहभागी बनेको हुँ,' उनले भने ।

पर्साको छिमेकी जिल्ला बाराको परवानीपुर गाउँपालिकाका राजपुरका १८ वर्षे विदेशप्रसाद यादव पनि केही काम नभएको बेला समयको सदुपयोग गर्न भन्दै निर्वाचन प्रहरी बन्न लागेको बताउँछन् । 'त्यसै घरमा बस्नुभन्दा केही अनुभव पनि हासिल गर्न पाइन्छ कि भनेर निर्वाचन प्रहरीमा सहभागी भएको हुँ,' उनले भने, 'देशको सेवा पनि हुने र पैसा पनि कमाइने भएकाले पनि यसमा लागेको हुँ ।'

सरकारले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आवश्यक सुरक्षा प्रबन्धका लागि निर्वाचन प्रहरी आवश्यक परेको भन्दै आवेदन खुलाएसँगै निर्वाचन प्रहरी बन्नेहरूको घुइँचो लागेको हो । पर्सामा निर्वाचन प्रहरीमा भर्ना छनोट तथा नियुक्ति समिति पर्साले यहाँ जिल्लामा नेपाल प्रहरी र सशस्त्र प्रहरी दुवैतर्फ गरेर दुई हजार ८५२ जना आवेदन माग गरेको थियो । नेपाल प्रहरीतर्फ भने पाँच हजार ३९९ जनाको आवेदन परेको छ भने सशस्त्र प्रहरीतर्फ ३८५ जनाको आवेदन माग भएकोमा ५७१ जनाको आवेदन परेको छ ।

पर्साका सहायक प्रमुख जिल्ला अधिकारी तथा निर्वाचन प्रहरीमा भर्ना छनोट तथा नियुक्ति उपसमिति पर्साका संयोजक सुमनकुमार कार्कीले निर्वाचन प्रहरीमा विभिन्न उमेर समूहका महिला तथा पुरुषमा उत्साहजनक सहभागिता देखिएको बताए । 'सबै उमेर समूहका महिला तथा पुरुष निर्वाचन प्रहरी बन्नका लागि उपस्थित हुनुहुन्छ । कतिपय सन्तान जन्माइसकेका महिलाहरू पनि सरिक हुनुभएको छ । यसले छोटो अवधिका लागि भए पनि रोजगारीको अवसर सिर्जना गर्ने भएकाले पनि सहभागिता जनाएका हुनसक्छ,' संयोजक कार्कीले भने । चुलोचौकामा सीमित हुने भनिएका मधेसी समुदायका महिला पनि अवसर पाउँदा आफ्नो जिम्मेवारी निभाउन सफल हुन्छन् भन्ने गतिलो उदाहरण बन्न सकेको उनले बताए । 'यसले यहाँका महिला अवसर पाएको खण्डमा जस्तोसुकै जिम्मेवारी पनि पूरा गर्न सक्षम हुनुहुन्छ भन्ने देखाएको छ,' उनले भने, 'निर्वाचन प्रहरी छनोट प्रक्रियालाई निष्पक्ष र पारदर्शी बनाउनका लागिपरिरहेका छौं ।'

पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहाल पर्साका चारवटै सुरक्षा निकायका प्रमुखहरूले पनि निर्वाचन प्रहरीलाई पारदर्शी बनाउनका लागि नियमित अनुगमन तथा निरीक्षण गर्दै आइरहेका छन् । पर्साका प्रहरी प्रवक्ता हरिबहादुर बस्नेतले निर्वाचन प्रहरीमा महिला र पुरुषको सहभागिता उत्साहजनक रहेको बताए । 'यहाँबाट निर्वाचन प्रहरीमा आवेदन दिनेको संख्या दोब्बरभन्दा धेरै छ,' उनले भने, 'एकातर्फ निर्वाचनमा सेवा गर्न चाहने युवा पुस्ताको आकर्षण बढिरहेको छ । अर्कातर्फ ४० दिनमा आम्दानी पनि राम्रो हुने देखेर होलाजस्तो लाग्छ ।'

पर्सा प्रहरीका अनुसार निर्वाचन प्रहरीमा पहिलोपटक आवेदन दिने पुरुषको संख्या तीन हजार १४७ जना रहेका छन् । नयाँ आवेदन दिने महिलाको संख्या भने ६०३ जना रहेका छन् । निर्वाचन प्रहरीमा विगतमा म्यादी प्रहरीको रूपमा खटिएका ६८७ जना पुरुष र विगतको म्यादी प्रहरीको रूपमा खटिएका १५३ जना महिलाको आवेदन परेको छ । त्यस्तैगरी पूर्वसुरक्षाकर्मीको तर्फबाट भने १२ जना पुरुष रहेका छन् भने विदेशी सैनिकबाट अवकाश प्राप्त गरेका एक जना रहेका छन् । सशस्त्र प्रहरी बल पर्साका सूचना अधिकारी मोहन निरौलाले निर्वाचन प्रहरीमा युवादेखि अन्य उमेर समूहको आकर्षण रहेको बताए । *रासस*

# हिमपातले सुदूरपहाडका राजमार्ग र विद्युत् सेवा अवरुद्ध



**बैतडी–** भारी हिमपातका कारण सुदूरपश्चिम प्रदेशका पहाडी जिल्लाका राजमार्ग अवरुद्ध भएका छन् । बैतडीको नारखोली, खोडपे, श्रीभावर, सतबाँझ, देहिमाडौं क्षेत्रमा हिमपात हुँदा दशरथचन्द राजमार्ग र जयपृथ्वी राजमार्ग शुक्रबार रातिदेखि नै अवरुद्ध बनेका हुन् ।

रातिदेखि नै राजमार्ग अवरुद्ध हुँदा सवारी आवागमन पूर्णरूपमा ठप्प रहेको बैतडीका प्रहरी प्रवक्ता, प्रहरी निरीक्षक सुरज सिंहले जानकारी दिए । हिमपातले राजमार्ग अवरुद्ध हुनुका साथै विद्युत् सेवा पनि बन्द रहेको छ । उनले भने, 'रातिको भारी हिमपातले राजमार्ग र विद्युत् सेवा ठप्प छ । पुनः सञ्चालनका लागि पहल थालिएको छ ।'

यस्तै डडेलधुराको साहुखर्क, हगुल्टेलगायत क्षेत्रमा हिमपात हुँदा भीमदत्त राजमार्ग पनि ठप्प रहेको प्रहरीले जनाएको छ । शुक्रबार बेलुकादेखि नै बैतडीसहित दार्चुला, बझाङ, डोटी, डडेलधुराका उच्च लेकाली भेगमा वर्षासँगै हिमपात भएको छ । यो वर्ष पहिलोपटक हिउँदे वर्षा र हिमपात भएपछि यहाँका किसान खुसी भएका छन् । गएको चार महिनादेखि वर्षा नहुँदा यहाँका हिउँदे बाली सुक्दै गएका थिए । हिमपात र वर्षा भएपछि किसानहरू बाली सप्रिने भन्दै खुसी भएका छन् । हिमपातका कारण अत्यधिक चिसो बढेपछि यहाँको जनजीवन प्रभावित भएको छ । *रासस*

# हिमपातले अवरूद्ध मध्यपहाडी लोकमार्ग सञ्चालन

**बागलुङ (प्रस)–** हिमपातका कारण शुक्रबार रातिदेखि अवरुद्ध बनेको मध्यपहाडी लोकमार्ग सञ्चालनमा आएको छ । लोकमार्गको बागलुङ, रोल्पा र पूर्वी रुकुमको सिमाना पातीहाल्नेमा हिमपात हुँदा अवरुद्ध भएको थियो ।

लोकमार्गमा बाक्लो हिउँ जमेपछि यातायातका साधन ठप्प भएका थिए । अहिले पूर्वी रुकुमतर्फबाट जेसिबीको सहायतामा हिउँ पन्छाएपछि यातायातका साधन सञ्चालन भएका इलका प्रहरी कार्यालय बुर्तिबाङका प्रहरी निरीक्षक तिलक मानन्धरले जानकारी दिए ।

हिले लोकमार्ग अवरुद्ध हुँदा काठमाडौंबाट रुकुमपूर्व, पश्चिम रुकुम, जाजरकोट, डोल्पालगायत स्थानका लागि छुटेका साना तथा ठूला सवारीसाधान बीच बाटोमै फसेका थिए । हिउँमा गाडी फसेपछि चिसोमा यात्रुहरू बिचल्लीमा परेका थिए ।

जेसिबीले हिउँ पन्छाएपछि लोकमार्ग सञ्चालनमा आएको उनको भनाइ छ । पातीहाल्नेसहित बागलुङको निसीखोला, ढोरपाटनलगायत माथिल्लो स्थानमा पनि हिमपात भएको छ । हिमपातले स्थानीयको जनजीवन प्रभावित बनेको छ ।

खुम्बु पासाङल्हामु गाउँपालिका
Khumbu Pasanglhamu Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय, चौरीखर्क, सोलुखुम्बु, कोशी प्रदेश, नेपाल
Office of the Rural Municipal Executive, Chaurikharka, Solukhumbu, Koshi Province, Nepal

**बोलपत्र स्वीकृत गर्ने आशयको पुन: सूचना**

**Date of publication:– (2082-10-11 -25th Jan, 2026)**

यस कार्यालयबाट मिति २०८२/०८/०४ मा www.bolpatra.gov.np/egp मार्फत बोलपत्रहरु आव्हान सम्बन्धी सूचना अनुसार रितपूर्वक अनलाईन पेश हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूलयांकित सारभूतरुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतीको लागि सिफारिस भई आए बमोजिम, सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) को प्रयोजनार्थ जानकारी गराइन्छ । साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूलाई समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| IFB No. | Description of Work | Bidder Selected | Amount` | Remarks |
|---|---|---|---|---|
| 17/NCB/ GOODS/OFC/ KPLRM/2082-83 | Procurement of Stationery and various office goods in KPLRM | S.B Multi Business Company Pvt.Ltd. | 1,770,804.47 | Including VAT |

**प्रमुख प्रशासकिय अधिकृत**

**Shree Kiranteshwar secondary School**
**Chulachuli 03, Ilam**
**Koshi Province**

**Invitation for Online Bids**

**Date of Publication: 25 Jan. 2026 (2082/10/11)**

1. Shree Kiranteshwar secondary School, Chulachuli-3, Ilam invites online Bids under e-procurement system from eligible bidder for the procurement of following works:

| S. N | Contract Identification Number | Description and Location of Works | Estimated amount without VAT & PS | Bid Security Amount (Nrs) | Cost of Bidding Documents (NRS) | Remarks | Account for Bid purchase |
|---|---|---|---|---|---|---|---|
| 1 | 01/KSS/082/83 | Construction of kiranteshwar Secondary school Building, chualachuli-3, Ilam | **5685155** | **178000** | **3000** | NCB | Shree kiranteshwar madhyamik bidhyalaya Acc No: 1030085473200010 |

2. For further detail bidders are requested to visit the notice board of Shree kiranteshwar madhyamik bidhyalaya or PPMO's website https://bolpatra.gov.np/egp.

**Head Teacher**
**Shree Kiranteshwar secondary School**

प्रभाव दैनिक

आइतबार, ११ माघ २०८२ (Sunday, 25 January 2026)

रूपशाला

## 'मितज्यू'को छायांकन सुरू

फिल्म 'मितज्यू' को छायांकन सुरू भएको छ। फिल्म 'घरज्वाइँ'का निर्देशक अनिल बुढा मगरको निर्देशन रहने फिल्मको वसन्त पञ्चमीको अवसर पारेर दाङस्थित अम्बिकेश्वरी मन्दिरमा शुभ–मुहूर्त गर्दै छायांकन सुरू गरिएको हो। फिल्मका निर्माता जनक घर्तीमगर हुन्। सामाजिक कथा वस्तुमा आधारित रहेर निर्माण हुन लागेको फिल्मको छायांकन दाङ र रोल्पाका विभिन्न स्थानमा हुनेछ। फिल्ममा दयाहाङ राई, सौगात मल्ल, तेरिया फौजा मगर, पुस्कर गुरूङ, शिशिर वाङ्देल, राज थापा, सुवर्ण थापा, अनु थापा, स्मिता लामिछाने, अरूण पुनमगर, उत्तमराज पाण्डे, सविन कट्टेल, उमेश सोनाम, पवित्रा खड्का, चाहाना रानामगर, अनुशा राई, खड्गबहादुर पुनमगर (खबपु) लगायतको अभिनय रहनेछ।



# तारादेवी सांगीतिक साँझ सम्पन्न




■ प्रभाव संवाददाता

**काठमाडौं** – नेपाली संगीत क्षेत्रकी अमर गायिका तारादेवीको स्मृतिमा श्रद्धा, सम्मान र सांगीतिक प्रस्तुतिसहित विशेष कार्यक्रम सम्पन्न भएको छ। तारादेवी स्मृति फाउन्डेसनको आयोजनामा तथा काठमाडौं महानगरपालिकाको सह–आयोजनामा नेपाल पुलिस क्लब भृकुटीमण्डपमा शुक्रबार साँझ विशेष सांगीतिक कार्यक्रम सम्पन्न भएको हो।

समारोहको सुरुवात अमर गायिका तारादेवीको तस्बिरमा माल्यार्पण गर्दै गरिएको थियो। त्यस अवसरमा उनका कालजयी गीत, नेपाली संगीतमा पुर्‍याएको योगदान तथा व्यक्तित्वमाथि चर्चा गरिएको थियो। त्यसपछि प्रस्तुत गरिएका विविध सांस्कृतिक तथा सांगीतिक कार्यक्रममार्फत तारादेवीको कला र सृजनालाई स्मरण गरिएको थियो।

तारादेवीका सदाबहार गीतहरूले दर्शक तथा श्रोताहरूलाई भावनात्मक बनाएको थियो भने नयाँ पुस्ताले पनि उनको संगीतको गहिरो प्रभाव अनुभूति गर्ने अवसर पाएका थिए।

समारोहमा वरिष्ठ कलाकार किरण खरेल, संगीतकार दीपक जंगम तथा संगीतकर्मी एवम् काठमाडौं महानगरपालिकाका पूर्वप्रमुख विद्यासुन्दर शाक्य विशेष अतिथिका रूपमा सहभागी रहेका थिए। अतिथिहरूले तारादेवी नेपाली संगीतको इतिहासमा कहिल्यै नमेटिने नाम भएको उल्लेख गर्दै उनको योगदान सधैं स्मरणीय रहने धारणा व्यक्त गरे।

समारोहकै अवसरमा नेपाली गीत-संगीतको विकासमा उल्लेखनीय योगदान पुर्‍याएका स्रष्टाहरूलाई सम्मानसमेत गरिएको थियो। सम्मानित हुने व्यक्तित्वहरूमा गीतकार माधवप्रसाद खनाल, संगीतकार शिवशंकर मानन्धर तथा चर्चित गायिका संगीता राना प्रधान रहेका थिए।

आयोजक संस्था तारादेवी स्मृति फाउन्डेसनका अध्यक्ष दीपक केसीले तारादेवी नेपाली संगीतकी प्रेरणादायी हस्ती भएको उल्लेख गर्दै उनका गीत, स्वर र योगदान सदैव स्मरणीय रहने बताए। यस्ता कार्यक्रमहरूले पुराना स्रष्टाको योगदानलाई उजागर गर्नुका साथै नयाँ पुस्तालाई नेपाली गीत-संगीतप्रति आकर्षित र प्रेरित गर्ने विश्वाससमेत उनले व्यक्त गरे।

# पत्रकार देवकोटा सशस्त्र प्रहरी महानिरीक्षक प्रशंसाबाट सम्मानित

■ प्रभाव संवाददाता



**काठमाडौं** – विगत तीन दशक बढी समयदेखि पत्रकारितामा क्रियाशील पत्रकार ताराचन्द्र देवकोटा सशस्त्र प्रहरी महानिरीक्षक प्रशंसा सम्मानद्वारा सम्मानित भएका छन्।

पत्रकार देवकोटा २५ औं सशस्त्र प्रहरी दिवस (रजत महोत्सव) का अवसरमा सशस्त्र प्रहरी बल, नेपाल मुख्यालयमा आयोजित विशेष समारोहमा सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालबाट सशस्त्र प्रहरी महानिरीक्षक प्रशंसा सम्मानबाट सम्मानित भएका हुन्।

देवकोटालाई प्रदान गरिएको सशस्त्र प्रहरी महानिरीक्षक प्रशंसा सम्मानमा सशस्त्र प्रहरी बल, नेपालले गरेका काम-कारबाहीबारे पत्रकारिताको माध्यमबाट जनतामा खबर सम्प्रेषण गरी संगठनको छवी उच्च बनाउने कार्यमा महत्वपूर्ण योगदान गरेको उल्लेख गर्दै सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले भविष्यमा समेत सशस्त्र प्रहरी बल, नेपाललाई यस्तै प्रकारको सहयोग प्राप्त हुने विश्वास गरिएको छ।

# संगीतकर्मी संघद्वारा बगाले सम्मानित



**काठमाडौं (प्रस)**– पत्रकारिता क्षेत्रमार्फत कलाकारको हकहित, अधिकार तथा नेपाली संस्कृति संरक्षणमा लामो समयदेखि योगदान पुर्‍याउँदै आएका जनसवाल राष्ट्रिय दैनिकका सम्पादक रामजी बगाले सम्मानित भएका छन्।

राष्ट्रिय संगीतकर्मी संघ, केन्द्रीय कार्यसमितीले बगालेलाई विशेष सम्मान प्रदान गरेको हो। उक्त सम्मान नेपाल प्रहरीका महानिरीक्षक (आईजीपी) दान बहादुर कार्कीको हातबाट प्रदान गरिएको थियो।

आयोजक संस्थाका अनुसार बगालेले करिब २५ वर्षदेखि पत्रकारितामार्फत कलाकारको हकहित, पेशागत अधिकार, सामाजिक न्याय तथा सांस्कृतिक संरक्षणका विषयमा निरन्तर कलम चलाउँदै आएको योगदानको उच्च मूल्यांकन गर्दै सम्मान प्रदान गरिएको हो। उनले सञ्चार माध्यममार्फत कलाकार, स्रष्टा तथा संगीतकर्मीका समस्या, आवाज र उपलब्धिलाई प्राथमिकताका साथ उजागर गर्दै आएका छन्।

राष्ट्रिय संगीतकर्मी संघका अध्यक्ष प्रकाश कटुवालले पत्रकार बगालेको पत्रकारिता केवल समाचार सम्प्रेषणमा सीमित नरही कलाकार र समाजबीच सेतुको रूपमा रहेको उल्लेख गरे। कलाकारको पेशागत सुरक्षा, सम्मान र अधिकारका विषयमा उनले देखाएको निरन्तर सक्रियता अनुकरणीय रहेको संघको भनाइ थियो।

सम्मान ग्रहण गर्दै सम्पादक रामजी बगालेले राष्ट्रिय संगीतकर्मी संघप्रति आभार व्यक्त गर्दै कलाकार र स्रष्टाको पक्षमा सत्य, निष्पक्ष र जिम्मेवार पत्रकारिता निरन्तर गर्ने प्रतिबद्धता व्यक्त गरे। उनले नेपाली संगीत र सांस्कृतिक क्षेत्रका मुद्दालाई आफुले सधैं प्राथमिकतामा राख्ने बताए।

उक्त कार्यक्रममा संघका पदाधिकारी, कलाकार, समाजसेवी तथा विभिन्न क्षेत्रका विशिष्ट व्यक्तित्वहरूको उपस्थिति रहेको थियो। राष्ट्रिय संगीतकर्मी संघले पत्रकारिता, संस्कृति तथा समाजका क्षेत्रमा उल्लेखनीय योगदान पुर्‍याउने व्यक्तित्वहरूको सम्मान गर्दै कलाकार र सञ्चारकर्मीबीच सहकार्यलाई अझ सुदृढ बनाउँदै जाने जनाएको छ।

रंगशाला

### आइसिसी टी-२० विश्वकप ग्लोबल छनोट

# जिम्बाावेविरुद्ध नेपालको सानदार जित



■ प्रभाव संवाददाता

**काठमाडौं** – उत्कृष्ट ब्याटिङ गर्दै नेपालले जिम्बावेविरुद्ध ६ विकेटको जित निकालेको छ।

आईसीसी टी-२० महिला विश्वकप ग्लोबल छनोट अन्तर्गत शनिबार कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय (टियु) क्रिकेट मैदानमा सम्पन्न खेलमा नेपालले जिम्बावेले दिएको १३० रनको लक्ष्य १९.३ ओभरमा ४ विकेट गुमाउँदै पूरा गर्‍यो।

खेलको सुरुआत भने नेपालका लागि चुनौतीपूर्ण रह्यो। ५.३ ओभरमै नेपालले ४७ रन जोड्दा २ महत्वपूर्ण विकेट गुमाएको थियो। त्यसपछि मध्यक्रममा कप्तान इन्दु वर्मा र उपकप्तान पूजा महतोले सम्हालिँदो ब्याटिङ गर्दै ३५ रनको महत्वपूर्ण साझेदारी गर्दै नेपालको इनिङ उकास्ने प्रयास गरे। तर कप्तान इन्दु वर्मा बोल्ड भएपछि उक्त साझेदारी लामो समय टिक्न सकेन।

नेपालका लागि उपकप्तान पूजा महतोले सर्वाधिक रनको योगदान दिँदै टोलीलाई जिततर्फ डोर्याइन्। कप्तान इन्दु वर्माले २३ बल खेल्दै १ छक्का र २ चौकाको मद्दतमा २२ रन बनाइन्।

सीता रानामगरले ११ रन बनाउँदै इन्जुरीका कारण मैदान छाडिन्। बिन्दु रावलले १५ रन बनाइन् भने सम्झना खड्काले ९ रनको योगदान दिइन्।

जिम्बावेका लागि जोसेफिने नकाई नकोमोले सर्वाधिक २ विकेट लिइन्। त्यस्तै नोमवेलो सिबन्दा र क्रिसटाबेल चाटोनज्वाले समान १-१ विकेट हात पारिन्।

### आइसिसी टी-२० विश्वकप तयारी

# अन्तिम अभ्यास खेलमा नेपाल विजयी

■ प्रभाव संवाददाता

**काठमाडौं** – आईसीसी टी-२० विश्वकपको तयारीमा रहेको नेपाली पुरुष क्रिकेट टोलीले श्रीलंका 'ए' सँगको तेस्रो तथा अन्तिम अभ्यास टी-२० खेल जितेको छ।

शनिबार भएको खेलमा नेपालले श्रीलंका 'ए' लाई ७ विकेटले हराएको हो। श्रीलंका 'ए' ले दिएको १३३ रनको लक्ष्य नेपालले १६.२ ओभरमा ३ विकेटको क्षतिमा पूरा गर्‍यो।

नेपालका लागि कुशल भुर्तेलले सर्वाधिक ४९ रन बनाए। आरिफ शेखले अविजित २४ तथा दीपेन्द्रसिंह ऐरीले अविजित २२ रन बनाए। कप्तान रोहित पौडेलले १७ रन बनाए।

त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको श्रीलंका 'ए' ले २० ओभरमा ८ विकेट गुमाएर १३२ रन बनाएको थियो। चमिका करुणारत्नेले सर्वाधिक ३८ रन बनाइ। निरोशन डिक्वेलाले ३३ रन बनाए।

नेपालका लागि शेर मल्लले ४ ओभरमा २० रन दिएर ४ विकेट लिए। दीपेन्द्रसिंह ऐरीले २ तथा नन्दन यादव र रोहित पौडेलले १-१ विकेट लिए।

अन्तिम अभ्यास खेलपछि नेपाली टोली अब भारत जानेछ। भारतमा मुम्बईको एमसीए प्रेसिडेन्ट ११ सँग पनि तीन अभ्यास टी-२० खेल हुने तालिका छ। टी-२० विश्वकप फेब्रुअरी ७ देखि भारत र श्रीलंकामा संयुक्त रूपमा सुरु हुँदैछ। नेपालले फेब्रुअरी ८ मा पहिलो खेल इंग्ल्यान्डसँग खेल्नेछ।

# बंगलादेशले विश्वकप नखेल्ने, स्कटल्यान्डले खेल्ने भयो विश्वकप



■ प्रभाव संवाददाता

**काठमाडौं**– अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी) ले आईसीसी मेन्स टी-२० विश्वकप २०२६ मा बंगलादेशको स्थानमा स्कटल्यान्डलाई सहभागी गराउने निर्णय गरेको छ।

आईसीसीले सार्वजनिक गरेको विज्ञप्तिमा प्रकाशित खेल तालिकाअनुसार प्रतियोगितामा सहभागी हुन बंगलादेश क्रिकेट बोर्ड (बीसीबी) ले अस्वीकार गरेपछि स्कटल्यान्डलाई प्रतिस्थापन टोलीका रूपमा समावेश गरिएको हो।

२० टोली सहभागी हुने उक्त प्रतियोगिता आगामी फेब्रुअरी ७ देखि मार्च ८ सम्म भारतमा आयोजना हुँदैछ। बीसीबीले भारतमा हुने आफ्ना खेलहरू श्रीलंकामा सार्न माग गरेको थियो। तर, बंगलादेशी टोलीका लागि भारतमा कुनै पनि विश्वसनीय वा पुष्टि हुन सक्ने सुरक्षा खतरा नभएको निष्कर्ष निकाल्दै आईसीसीले उक्त माग अस्वीकार गरेको थियो।


आईसीसीका अनुसार बीसीबीले उठाएका चिन्ताहरू समाधान गर्न तीन हप्ताभन्दा बढी समयसम्म विस्तृत प्रक्रिया अपनाइएको थियो। यस क्रममा आईसीसी र बीसीबीबीच भिडियो कन्फरेन्स तथा प्रत्यक्ष बैठकमार्फत संवाद गरिएको थियो।

यस अवधिमा आईसीसीले आन्तरिक तथा बाह्य सुरक्षा विज्ञमार्फत स्वतन्त्र सुरक्षा मूल्याङ्कन गराएको थियो। साथै संघीय र राज्यस्तरीय सुरक्षा व्यवस्था, खेल अवधिभर लागू हुने कडा तथा चरणबद्ध सुरक्षा प्रोटोकलबारे विस्तृत योजना बीसीबीसँग साझा गरिएको थियो। यी विषयहरू आईसीसी बिजनेस कर्पोरेसन (आईबीसी) बोर्डको छलफलमा समेत पुनः दोहोर्‍याइएका थिए।

सबै मूल्याङ्कनपछि भारतमा बंगलादेशी टोली, पदाधिकारी वा समर्थकहरूका लागि कुनै पनि ठोस सुरक्षा खतरा नरहेको निष्कर्षमा आईसीसी पुगेको विज्ञप्तिमा उल्लेख छ। यस आधारमा प्रतियोगिताको तालिका परिवर्तन गर्नु उपयुक्त नहुने निर्णय गरिएको हो। साथै तालिका परिवर्तनले प्रतियोगिताको निष्पक्षता, तटस्थता र भविष्यका प्रतियोगिताहरूमा गलत नजिर बस्ने जोखिम रहने आईसीसीको ठहर छ।

बुधबार बसेको आईबीसी बोर्डको बैठकले बीसीबीलाई २४ घण्टाभित्र प्रतियोगितामा सहभागी हुने वा नहुनेबारे स्पष्ट जवाफ दिन आग्रह गरेको थियो। तर, तोकिएको समयभित्र कुनै पुष्टि नआएपछि आईसीसीले आफ्नो शासकीय प्रक्रिया र छनोट प्रणालीअनुसार प्रतिस्थापन टोली चयन गरेको हो।

प्रतिस्थापन टोलीका रूपमा छनोट भएको स्कटल्यान्ड छनोट हुन नसकेका टोलीमध्ये सबैभन्दा उच्च वरीयतामा रहेको टिम हो। हाल स्कटल्यान्ड टी-२० अन्तर्राष्ट्रिय वरीयतामा १४औं स्थानमा छ। विश्वकपमा सहभागी सात टोली नामिबिया, युएई, नेपाल, अमेरिका, क्यानडा, ओमान र इटालीभन्दा स्कटल्यान्ड बलियो टोली हो।



इजिप्टको लक्सरमा रातको समयमा कैद गरिएको लक्सर मन्दिरको दृश्य । *तस्विर: सिन्हुवा*

# ग्रीनल्याण्ड विवादले अमेरिका–युरोप सम्बन्ध तनावपूर्ण

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले विगत केही दिनमा गरेका निर्णयहरूले विश्वभरका देशहरूमा असमञ्जसता र चिन्ता बढाएका छन् ।

ट्रम्पले केही समयअघि स्विट्जरल्याण्डमा कर लगाउने धम्की दिएका थिए, तर पछि यसलाई फिर्ता लिए । यसले नाटोजस्ता अमेरिकी मित्रराष्ट्रसँगको सम्बन्धमा अस्थिरता ल्याउने खतरा बढाएको छ । विशेषज्ञहरूले ट्रम्पका निर्णयमा व्यक्तिगत मनोभाव, आफ्ना मनपर्ने वा मन नपर्ने नेताप्रति प्रतिक्रिया, ठूलो भूमिका खेल्ने भनेका छन् ।

## ट्रम्पको शासन शैली

ट्रम्पको शासन शैली 'म मात्र यो समस्या समाधान गर्न सक्छु' भन्ने दृष्टिकोणमा आधारित छ। आफ्नो दोस्रो कार्यकालमा उनले यो दृष्टिकोण अझ खुला र आत्मविश्वासी ढंगले देखाए । उनका नजिकका सल्लाहकारहरूका अनुसार ट्रम्प निरन्तर 'अत्यधिक रणनीति' अपनाएर अघि बढिरहन चाहन्छन् ।

## विश्वका नेताहरूको प्रतिक्रिया

क्यानाडाका प्रधानमन्त्री कार्नीले भने, 'मध्य शक्ति राष्ट्रहरूले सँगै काम गर्नुपर्छ ।' अर्थात्, अमेरिकाबाहेकका देशहरूले आफ्नै साझा रणनीति बनाउन थालेका छन् । बेलायतका प्रधानमन्त्री केयर स्टार्मरले पनि ट्रम्पका टिप्पणीहरू असभ्य र आपत्तिजनक भने ।



विशेषज्ञहरूले ट्रम्पको व्यवहारले अमेरिकाको विश्वव्यापी प्रतिष्ठामा दीर्घकालीन असर पार्न सक्ने चेतावनी दिएका छन् । चीनले अमेरिकाको अस्थिर व्यवहारको अवसर लिएर आफ्नो प्रभाव बढाउन सक्छ। ट्रम्पका निर्णयहरूले अमेरिकी विदेश नीति अब पुरानै नियम र समझदारीमा आधारित नभएको देखाएको छ । व्यक्तिगत भावना र अस्थिर निर्णयहरूले साथी राष्ट्रसँग असमञ्जसता सिर्जना गर्न सक्छ र प्रतिस्पर्धी राष्ट्रको अवसर बढाउन सक्छ। *रासस/एपी*

# अबुधाबी वार्ता: युक्रेन–रूस–अमेरिका त्रिपक्षीय शान्ति प्रयास



**काठमाडौं–** युक्रेनका राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले अबुधाबीमा युक्रेन, रूस र अमेरिकाका प्रतिनिधिहरूसँग भएको वार्तामा पूर्वी डोनबास क्षेत्रको भविष्यलाई मुख्य प्राथमिकताका रूपमा राखिएको जानकारी दिएका छन् । यी वार्ता रूसको करिब चार वर्ष लामो आक्रमण समाप्त गर्ने प्रयासको हिस्सा हुन् ।

संयुक्त अरब इमिरेट्स (युएई) को विदेश मन्त्रालयले वार्ता शुक्रबार सुरु भएको र शनिबारसम्म सञ्चालन हुने योजना बनाइएको जानकारी दिएको छ । मन्त्रालयले यसलाई 'संवाद प्रवर्द्धन र राजनीतिक समाधानको खोजी' को रूपमा व्याख्या गरेको छ । अमेरिकी प्रशासनले पनि वार्ता सकारात्मक र उत्पादक भएको जनाएको छ ।

वार्ता सुरु हुनुअघि रूसका राष्ट्रपति भ्लादिमिर पुटिनले अमेरिकी प्रतिनिधि स्टिभ विटकोफ र जारेड कुशनरसँग रातभरि विस्तृत छलफल गरे । क्रेमलिनले दीर्घकालीन शान्ति सम्झौताअघि युक्रेनले पूर्वी क्षेत्रमा रूसले अवैध कब्जा गरेको भूभागबाट आफ्ना सैनिक फिर्ता गर्नु आवश्यक रहेको जनाइरहेको छ ।

राष्ट्रपति जेलेन्स्कीले डाभोसमा पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पसँगको भेटपछि भने, 'पूर्वी युक्रेनमा रूसले कब्जा गरेको भूभागको भविष्य अझै स्पष्ट नभएता पनि शान्ति प्रस्ताव 'लगभग तयार' भएको छ । यससँग सम्बन्धित व्यापारिक र आर्थिक पहलका लागि पूर्वी युक्रेनमा स्वतन्त्र व्यापार क्षेत्र स्थापना गर्ने प्रस्ताव ट्रम्पसँग छलफल भएको पनि उहाँले जानकारी दिनुभयो ।'

वार्ता यसअघिसम्म पहिलोपटक भएको हो, जसमा अमेरिकी प्रशासनका अधिकारीहरूले एकैसाथ युक्रेन र रूसका प्रतिनिधिहरूसँग बैठक गरेका छन् । राष्ट्रपति जेलेन्स्कीले टेलिभिजन सम्बोधनमा बताए, 'हाम्रो प्रतिनिधि टोली वार्तामा नियमितरूपमा रिपोर्ट गरिरहेको छ । उहाँहरूले युद्ध अन्त्यका मापदण्डहरूमा छलफल गरिरहनुभएको छ । सबैभन्दा महत्त्वपूर्ण कुरा रूसले यो युद्ध अन्त्य गर्ने इच्छा देखाउनु हो ।'

## क्रेमलिनले भौगोलिक विवाद समाधानमा जोड

क्रेमलिनले वार्तालाई केवल 'सुरक्षासम्बन्धी कार्य समूह'को रूपमा व्याख्या गरेको छ। प्रवक्ता दिमित्री पेस्कोभले भने, 'युक्रेनी सैनिकको पूर्वी डोनबासबाट फिर्ता हुनु रूसका लागि दीर्घकालीन शान्ति सम्झौताको अनिवार्य सर्त हो।' रूसका परराष्ट्र सल्लाहकार युरी उषाकोभले वार्ता 'खुला, रचनात्मक र फलदायी' भएको बताए ।

## ट्रम्प-जेलेन्स्की भेट

वार्ताका केही घण्टाअघि राष्ट्रपति जेलेन्स्की डाभोसमा पूर्वराष्ट्रपति ट्रम्पसँग करिब एक घण्टा भेटे । ट्रम्पले भने, 'दुवै राष्ट्रपति (पुटिन र जेलेन्स्की) सम्झौता गर्न इच्छुक हुनुहुन्छ र सबै पक्षले केही न केही सहमति दिइरहेका छन् ।' उनले सीमाको निर्धारण वार्ताको मुख्य चुनौती रहेको पनि औंल्याए ।

## युरोपेली साझेदारप्रति जेलेन्स्कीको विचार

डाभोसमा सम्बोधन गर्दै राष्ट्रपति जेलेन्स्कीले युरोपलाई ढिलो निर्णय लिनु, सुरक्षा खर्च पर्याप्त नगर्नु, रूसको 'छायाँ तेल जहाज' रोक्न असफल हुनु युक्रेनलाई आर्थिक सहयोग नगर्नु जस्ता विषयमा आफ्नो विचार व्यक्त गरे । उनले भने, 'युरोपले आफ्नो क्षमता अझ सुदृढ गर्न आवश्यक छ र विश्वशक्तिको रूपमा आफ्नो भूमिका सुनिश्चित गर्नुपर्छ ।'

उनले थपे, 'वार्ता केवल युक्रेनको इच्छामात्रमा निर्भर छैन, रूसले पनि युद्ध अन्त्य गर्ने इच्छा देखाउन आवश्यक छ, जसले दुवै पक्षबीच स्थायी शान्ति स्थापना गर्न सहयोग पुग्ने छ ।' *रासस/एपी*

# इण्डोनेसियामा पहिरो, सात जनाको मृत्यु, दर्जनौं बेपत्ता



**सिसारुआ, इण्डोनेसिया–** इण्डोनेसियाको जाभामा आएको पहिरोमा कम्तीमा सात जनाको मृत्यु भएको छ भने ८० भन्दा बढी व्यक्ति अझै बेपत्ता रहेका छन् ।

भारी वर्षाले उत्पन्न भएको पहिरो शनिबार विहान २:३० बजे पश्चिम बाण्डुङ जिल्लामा परेको थियो, जसले धेरै घरमा क्षति पुऱ्याएको छ । राष्ट्रिय विपद् व्यवस्थापन एजेन्सी (बिएनपिबी) का प्रवक्ताले भने, 'शनिबार बिहान पश्चिम जाभा प्रान्तको पश्चिम बाण्डुङ जिल्लामा पहिरो गएको छ, जसमा सात जनाको मृत्यु भएको छ । शनिबार बिहान १०:३० बजेसम्म दर्जनौं बासिन्दा सुरक्षित फेला परेका छन्, तर ८३ जनाको खोजी अझै जारी छ ।'

इण्डोनेसियामा वर्षायाम (अक्टोबरदेखि मार्चसम्म) मा बाढी र पहिरो सामान्य समस्या हुन् । गत वर्षको अन्त्यतिर दक्षिण र दक्षिणपूर्वी एसियामा आएको उष्णकटिबन्धीय आँधी र तीव्र मनसुन वर्षाले इण्डोनेसियाको सुमात्रा र श्रीलंकाका पहाडी क्षेत्रमा घातक बाढी र पहिरो ल्याएको थियो । सुमात्रा बाढीमा करिब एक हजार २०० जनाको मृत्यु भएको थियो भने दुई लाख ४० हजारभन्दा बढी विस्थापित भएका थिए ।

वातावरणीय विज्ञ र विज्ञहरूले वनक्षयले बाढी र पहिरो बढाउन भूमिका खेलेको बताएका छन्, जसले गाउँमा माटोको बहाव ल्यायो । यसै कारण सरकारले यस हप्तामा सुमात्रामा रहेका बन, खानी र जलविद्युत् कम्पनीहरूको २४ भन्दा बढी अनुमति रद्द गरेको छ । यसैबीच, यस महिनामा इण्डोनेसियाको सियाउ टापुमा आएको भारी वर्षाले छिटो बाढी ल्याएको थियो, जसमा कम्तीमा १६ जनाको मृत्यु भएको थियो । *रासस/एएफपी*

# 'क्यानाडा गाजामा शान्ति प्रयासमा सक्रिय रहने छ'

**ओटावा–** क्यानाडाका अर्थमन्त्री फ्रान्स्वा-फिलिप च्याम्पेनले अमेरिकी प्रशासनका केही टिप्पणीहरूलाई खण्डन गरेका छन् । उनले अफगानिस्तान युद्धमा नाटो सैनिकहरूको भूमिका सानो देखाउने अमेरिकी दाबी अस्वीकार गरेका हुन् ।

च्याम्पेनले केबेक सिटीमा पत्रकार सम्मेलन गर्दै भने, 'अफगानिस्तान युद्धमा सैनिकहरूले गरेको बलिदान हामी सबैलाई थाहा छ । अरू कसैको टिप्पणीको आवश्यकता छैन । हाम्रो सेनाले जे गरे, त्यसको मूल्य विश्वलाई थाहा छ ।' उनको यस अभिव्यक्तिले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले गरेका टिप्पणीहरूको प्रतिवादस्वरूप आएको हो । ट्रम्पले अघिल्लो समय नाटो सैनिकहरू फ्रन्टलाइनमा कम लडेको भन्ने सुझाव दिएको थियो ।

साथै, अमेरिकी कोषाध्यक्ष स्कट बेस्सेन्टले टेलिभिजन अन्तर्वार्तामा क्यानाडाको अल्बर्टा प्रान्तले प्रशान्त महासागरतर्फ पाइपलाइन बनाउने अनुमति नदिने टिप्पणी गरेका थिए । यसबारे च्याम्पेनले भने, 'धन्यवाद, तर हामी हाम्रो तरिकाले काम गर्नेछौं । हामी अल्बर्टाका जनतासँग र क्यानाडाका नागरिकसँग मिलेर स्रोतहरू विकास गर्न सक्षम छौं ।'

च्याम्पेनले यसबारे क्यानाडाले गाजा क्षेत्रमा अमेरिकी नेतृत्वको शान्ति बोर्डमा फिर्ता भएको निमन्त्रणा भए पनि क्षेत्रीय शान्तिमा महत्त्वपूर्ण भूमिका खेलिरहने र दुई राष्ट्र समाधानका लागि प्रयास जारी राख्ने बताए । यसले क्यानाडा आफ्नो सैन्य र आर्थिक स्वतन्त्रता कायम राख्न चाहन्छ र अन्तर्राष्ट्रिय मुद्दामा आफ्नै दृष्टिकोणअनुसार निर्णय गर्न तत्पर रहेको देखाएको छ । *रासस/सिन्हुवा*


**Government of Sudurpaschim Province**
**Ministry of Social Development**
**Health Directorate**
**Health Office Bajhang**

**Invitation for Bids**

**First Date of publication: 2082/10/11** **Bid Submission 2082/11/13 At 12:00 Noon**

1. Health Office Bajhang invites bids for Nepalese eligible bidders for the following works

| S. N. | Contract Id | Work Description | Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years | Bid Doc Fee Nrs. | Bid Security Anount Nrs. |
|---|---|---|---|---|---|
| 1 | BHO/NCB/ Works/ 2082/083-01 | Construction of Health Office Building ( RCC Framed Structure) at Health Office, Chainpur Bajhang | 2,53,00,000.00 | 5000 | 470000 |
| | Name of the Bank | Rastriya Banijya Bank Ltd. | | | |
| | Name of Office | Health Office Bajhang | | | |
| | Office Code no | 3500270017 | | | |
| | Office Account no | 1000100200010000 | | | |
| | Rajaswa (revenue) Shirshak no | 14229 | | | |

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents from Health Office Bajhang by visiting PPMO website www.bolpatra.gov.np/egp

**Office Head**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला - ३०१४०० | प्रति तोला - ० | प्रति तोला - ६१९० |



**पर्यटकीय पञ्चकोट** | धार्मिक पर्यटकीय गन्तव्यको रूपमा विकास भएको बागलुङ नगरपालिका-६ स्थित सर्वसिद्धिधाम पञ्चकोट । *तस्बिरः खेमराज गौतम/रासस*

## उपभोगमुखी अर्थतन्त्रलाई निरुत्साहन गर्न अर्थमन्त्रीको जोड

■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री रामेश्वरप्रसाद खनालले देशका बैंक तथा वित्तीय संस्थामा अध्ययन-अनुसन्धानको संस्कृति कमजोर रहेकाले लगानीको सही क्षेत्र पहिचान हुन नसकेको बताएका छन् ।

राष्ट्रिय वाणिज्य बैंकको ६१औँ वार्षिकोत्सवका अवसरमा शनिबार आयोजित कार्यक्रममा उनले वित्तीय सेवा प्रदायक संस्थाले अध्ययन-अनुसन्धान नगर्दा देशमा तरलता थुप्रिने, बेरोजगारी बढ्ने र उपभोगमुखी अर्थतन्त्र विस्तार भएको बताए ।

देशमा भित्रिने विप्रेषणको ठूलो भाग उत्पादनशील क्षेत्रमा परिचालन नभएकामा चिन्ता व्यक्त गर्दै अर्थमन्त्री खनालले कुन क्षेत्रमा नयाँ लगानीका अवसर सिर्जना गर्न सकिन्छ, अर्थतन्त्रको आकार विस्तार गर्न सकिन्छ, रोजगारी सिर्जना गर्न सकिन्छ र उत्पादन बढाउन सकिन्छ भन्ने विषयमा बैंक तथा वित्तीय संस्थाहरूले गम्भीर अध्ययन-अनुसन्धान गर्ने परम्परा विकास गर्नुपर्नेमा जोड दिए ।

'हाम्रा बैंक तथा वित्तीय संस्थाले आफैँ अध्ययन गरेर कुन क्षेत्रमा लगानी गर्दा उच्च प्रतिफल प्राप्त हुन्छ, स्वदेशमै रोजगारी तथा उत्पादन बढ्छ भन्ने निर्णय गर्नेभन्दा पनि व्यवसायीले ल्याएका प्रस्तावका आधारमा मात्र लगानी गर्ने गरेका छन्', अर्थमन्त्री भने । उनले सरकारको पूर्ण स्वामित्वमा रहेको राष्ट्रिय वाणिज्य बैंकलाई यस्तो अध्ययन तथा अनुसन्धानको नेतृत्व गर्न सुझाव दिए ।

अर्थमन्त्री खनालले मुलुकमा भित्रिने विप्रेषण ठूलो हिस्सा उपभोगमा खर्च भइरहेको उल्लेख गर्दै त्यसले दीर्घकालीन आर्थिक रूपान्तरणमा योगदान दिन नसकेको बताए ।

सरकारी स्वामित्वको बैंक भएका कारण विप्रेषण रकमलाई उत्पादनशील क्षेत्रमा लगानी गराउने जिम्मेवारी राष्ट्रिय वाणिज्य बैंकको भएको उल्लेख गर्दै उहाँले त्यसो हुनसके देश आर्थिक समृद्धिको बाटोमा अग्रसर हुने बताए ।

उत्पादनशील क्षेत्रमा लगानी विस्तार गर्नसके तरलताको प्रभावकारी उपयोग हुने, आन्तरिक उत्पादन बढ्ने र आयात घट्ने बताउँदै उनले बैंक तथा वित्तीय संस्थाले उत्पादनमुखी लगानीलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिए । बैंक तथा वित्तीय क्षेत्रमा समष्टिगत रूपमा केही समस्या देखिए पनि समग्र वित्तीय प्रणाली कमजोर नरहेको उहाँले स्पष्ट गरे ।

फरक प्रसंगमा अर्थमन्त्री खनालले वर्तमान सरकारको प्रमुख दायित्व आगामी निर्वाचन सफलतापूर्वक सम्पन्न गर्नु हो भन्दै समाजका हरेक वर्गले त्यस निम्ति सहयोग गर्नुपर्ने बताए ।

## निर्वाचनका लागि बैंक खाता खोल्ने व्यवस्था गरिदिन आयोगको केन्द्रीय बैंकलाई पत्राचार

■ प्रभाव संवाददाता

**काठमाडौं –** निर्वाचन आयोगले प्रतिनिधिसभा सदस्यको निर्वाचनको उम्मेदवारका लागि बैंकिङ खाता सञ्चालन गरिदिन नेपाल राष्ट्र बैंकले आग्रह गरेको छ ।

आयोगले केन्द्रीय बैंकलाई पत्राचार गर्दै उम्मेदवारले निर्वाचनसम्बन्धी खर्च गर्दा बैंक खातामार्फत गर्न र निजको तर्फबाट खर्च गर्ने जिम्मेवार पदाधिकारी तोक्नुपर्ने व्यवस्था भएकाले खाता सञ्चालन गर्ने व्यवस्था मिलाइदिन आग्रह गरेको हो । प्रतिनिधिसभा सदस्य निर्वाचनमा निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ बमोजिम जारी निर्वाचन आचारसंहिताको दफा १६ मा उम्मेदवारले निर्वाचनसम्बन्धी खर्च गर्दा बैंक वा वित्तीय संस्थामा छुट्टै खाता खोली सोही खाताबाट गर्नुपर्ने उल्लेख छ ।

राजनीतिक दलले पनि निर्वाचनसम्बन्धी खर्च गर्दा बैङ्क वा वित्तीय संस्थामा छुट्टै खाता खोली दलले तोकेको जिम्मेवार पदाधिकारीद्वारा सोही खाताबाट खर्च गर्नुपर्ने, रु २५ हजारभन्दा बढी आर्थिक सहयोग प्राप्त गर्दा बैंक वा वित्तीय संस्थामार्फत गर्नुपर्ने व्यवस्था छ ।

यस्तै, कुनै व्यक्ति वा संस्थाबाट स्वेच्छिक सहयोगको रूपमा नगद लिएमा सो रकम बुझेको रसिद वा भरपाई दिनुपर्नेछ । राजनीतिक दलका नाममा सहयोग प्राप्त भएको भए दलको र उम्मेदवारका नाममा प्राप्त भएको भए उम्मेदवारको बैंक खातामा जम्मा गर्नुपर्ने लगायतका प्रावधान छन् । सो व्यवस्थाको प्रभावकारी रूपमा कार्यान्वयन गराई आमनिर्वाचन स्वच्छ, निष्पक्ष, मितव्ययी र पारदर्शी तुल्याउन राजनीतिक दल र ती दलबाट पहिलो हुने निर्वाचित हुने उम्मेदवारलाई बैंक खाता खोल्न सहजीकरण गरिदिन आयोगले आग्रह गरेको हो ।

सो व्यवस्था समानुपातिक निर्वाचन प्रणालीतर्फका उम्मेदवारको हकसमेतमा लागू हुनेछ । दुवै निर्वाचन प्रणालीतर्फका राजनीतिक दल र स्वतन्त्र उम्मेदवारका लागि बैंकिङ कारोवार गर्ने बैंक तथा वित्तीय संस्थामा आमनिर्वाचन सम्पन्न भई आयोगद्वारा निर्णय गरी बन्द गर्न नलगाउँदासम्म सञ्चालन हुनेछ ।

निर्वाचनसँग सम्बन्धित आम्दानी खर्चका लागि प्रत्येक राजनीतिक दलका लागि अलग्गै एउटा र हरेक उम्मेदवारलाई एउटा एउटा बैंक खाता खोली सञ्चालन गर्ने व्यवस्था मिलाई दिन आयोगले केन्द्रीय बैंकलाई पत्राचार गरेको हो ।

## वाणिज्य बैंकको निष्क्रिय कर्जा ४.५५ प्रतिशत

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारी स्वामित्वको राष्ट्रिय वाणिज्य बैंकको चालु आर्थिक वर्षको प्रथम छ महिनासम्मको निष्क्रिय कर्जा ४.५५ प्रतिशत रहेको तथा नाफा रु एक अर्ब ७५ करोड भएको जनाएको छ । यो अपरिस्कृत विवरण हो ।

बैंकको ६१औँ वार्षिकोत्सवका अवसरमा आज यहाँ आयोजित कार्यक्रममा बैंक सञ्चालक समितिका अध्यक्ष देवकुमार ढकालले उत्पादनशील क्षेत्रलाई प्राथमिकतामा राखेर बैंकले कर्जा प्रवाह गरिरहेको जानकारी दिए ।

'हाल पुँजीबजार, निर्माण, सेवा, लगानी प्रवर्द्धन एवं विकास निर्माणका क्षेत्रमा सकारात्मक संकेत देखिएका छन्, यसले अर्थतन्त्रमा आशाको सञ्चार गरेको छ', उनले भने ।

बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालले नवीन सोच र संकल्पका बैंकले वित्तीय सेवा प्रवाह गर्दै आएको बताए ।

कर्जा प्रवाह बढाउनु चुनौती भएको स्वीकार गर्दै उनले भने, 'बैंकको पुँजीको आधार सुदृढ बनाउन रु तीन खर्ब बराबरको ऋणपत्र निष्कासनको तयारीमा रहेको छ । बैंकसँग हाल कर्जा निक्षेपको अनुपातका आधारमा रु एक खर्ब ७१ अर्ब तथा तरलताका आधारमा रु एक खर्ब ३९ अर्बको लगानीयोग्य रकम देखिएतापनि पुँजी पर्याप्ताका आधारमा थप रु १८ अर्ब मात्र कर्जा प्रवाह गर्ने अवस्था छ ।'

कार्यक्रममा दिइएको जानकारीअनुसार बैंकले निक्षेपतर्फ ४७ लाख ४३ हजार र कर्जातर्फ दुई लाख २६ हजारभन्दा बढी ग्राहकलाई सेवा दिँदै आएको छ । चुक्ता पुँजी रु १५ अर्ब ६३ करोड भएको बैंकले चालु आवका छ महिनामा कुल निक्षेप रु पाँच खर्ब ५३ अर्ब संकलन तथा रु १९ अर्ब बराबरको कर्जा प्रवाह गरेको छ ।

## सुन्तलाले मूल्य पाएपछि किसान उत्साहित

**चितवन –** जिल्लामा सुन्तलाखेती गर्ने किसानले राम्रो मूल्य पाएपछि उत्साहित भएका छन् । विगतको तुलनामा यस वर्ष सुन्तलाले राम्रो मूल्य पाएपछि किसान उत्साहित भएका हुन् । जिल्लाको इच्छाकामना गाउँपालिका र भरतपुर महानगरपालिका- २९ मा सुन्तला खेती हुँदैआएको छ ।

इच्छाकामना गाउँपालिका-५ का किसान रामप्रसाद बोहोरा अहिले गत वर्षको तुलनामा सुन्तलाको मूल्य राम्रो पाएपछि खुसी छन् । उनले भने, 'गत वर्षको तुलनामा यसवर्ष किसानले सुन्तलाको मूल्य पाएका छौँ । खुसी छौँ ।' गत वर्षमा मूल्य नपाउँदा निकै समस्या हुने गरेको भए पनि यसवर्ष बोटबाटै प्रतिकिकलो रु १०० भन्दा बढीमा बिक्री हुँदै आएको उनले बताए ।

किसानले अहिले सुन्तलालाई ग्रेडिंग (वर्गीकरण) गरेर बिक्री वितरण गर्दै आएको उनले बताए । उनले भने, 'आफ्नो वडाले मात्रै सुन्तलाबाट रु ६० लाख हाराहारी कमाएको छ । अझै सुन्तला बिक्री गर्न बाँकी छ ।' कतिपय किसानले पहिलेनै बिक्री गरिसकेका छन् भने कतिपयको अझै बिक्री गर्न बाँकी रहेको उनले बताए । माघ १५ गतेसम्ममा उत्पादित सुन्तला बिक्री भइसक्ने उनले बताए । यस्तै भरतपुर महानगरपालिका-२९ चौकिडाँडाका किसान हिक्मत चेपाङ अहिले सुन्तलाको मूल्य राम्रो पाएको भन्दै खुसी छन् । उनीहरूले चेपाङ कृषि समूह बनाएर समूहका सदस्यहरूले व्यावसायिक रूपमा सुन्तलाखेती गर्दै आएका छन् । उनले भने, 'हामी सबैले धेरै थोर क्षेत्रफलमा सुन्तला खेती गरेका छौँ । मूल्य पाएको छ । खुसी छौँ ।' अहिले किसानको बारीबाटै व्यवसायीले सुन्तला उठाउने गरेको उनले बताए । प्रतिकिलो रु १०० भन्दा बढीमा सुन्तला बिक्री भएको उनले बताए ।

सुन्तलामा विषादी हाल्दा धेरै बचाउन सकिने तर प्रांगारिक उत्पादन गर्दा कम बच्ने भएकाले केही समस्या भए पनि अहिले मूल्य पाएकाले आफूहरू उत्साहित भएको उनको भनाइ छ । इच्छाकामना गाउँपालिका कृषि अधिकृत समीक्षा पौडेल व्यावसायिक किसानले सुन्तालालाई ग्रेडिंग गरेर बिक्री गर्दै आएको बताउँछिन् । उनका अनुसार सानो, मझौला र ठूलो गरेर छुट्याएर बिक्री गर्दै आएको छ । यसरी ग्रेडिङ गरेर बिक्री गर्दा किसानले उचित मूल्य पाउन सफल भएको उनले बताइन् ।

इच्छा कामना गाउँपालिकामा मात्रै यसवर्ष सुन्तला उत्पादनमा कमी आएको छ । उनका अनुसार ९२ हेक्टर क्षेत्रफलमा सुन्तलाखेती गरिँदै आएको यस क्षेत्रमा यो वर्ष एक हजार दुई दशमलब आठ मेट्रिकटन सुन्तला उत्पादन भएको छ । उनले भनिन्, 'गत वर्षको तुलनामा यो वर्ष सुन्तला उत्पादन घटेको छ ।' गत वर्ष एक हजार १२० मेट्रिकटन सुन्तला उत्पादन भएको उनले जानकारी दिइन् । सुन्तलाका रुख बुढो हुनु र जलवायु परिवर्तनका कारण रोग लाग्दा उत्पादनमा कमी आए पनि किसानले मूल्य भने राम्रो पाएका हुन् । पौडेलका अनुसार इच्छाकामना गाउँपालिकामा आर्थिक वर्ष २०७९/८० मा १०८० मेट्रिक टन उत्पादन भएको थियो । २०८०/८१ मा केही उत्पादन घटेर १०३६ मेटिक टन उत्पादन भएको थियो । २०८१/८२ मा ११२० मेट्रिकटन र २०८२/८३ मा १००२.८ मेट्रिकटन उत्पादन भएको उनले जानकारी दिइन् ।

गाउँपालिकाका अध्यक्ष दानबहादुर गुरुङ यहाँको सुन्तलाको स्वाद मिठो भएका कारण बजार पाउन गाह्रो छैन । उनले भने, 'यहाँको सुन्तलाको स्वाद राम्रो भएकाले नारायणगढ, मुग्लिन, फिस्लिङ, काठमाडौं र पोखरामा माग उच्च छ । व्यवसायी बगैंचामै आएर खरिद गर्छन् ।' इच्छाकामनामा सुन्तला खेतीको सम्भावना प्रचुर रहेको भन्दै उनले गाउँपालिका सुन्तलाखेती प्रवर्द्धनमा लागिरहेको बताए । उनले बीउबाट उत्पादित बिरुवा किसानलाई निःशुल्क रूपमा उपलब्ध गराउँदै आएको बताउँछन् ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चन्द्र बस्नेत सन्तुलाका बोटमा लाग्ने रोग नियन्त्रणका लागि जैविकि औषधि, पुराना बोट हटाएर नयाँ बिरुवा रोप्ने कार्यक्रम, किसानलाई थप तालिम र अनुदान जस्ता कार्यक्रम गाउँपालिकाले अघि सारेको बताउँछन् । उनले भने, 'कृषि एम्बुलेन्सको व्यवस्था गरेर सुन्तला लगायतका कृषि उपजलाई बजारसम्म पुऱ्याउन पालिकाले सहयोग गर्दै आएको छ ।'

कृषि विकास कार्यालय चितवनकी अधिकृत स्वस्तीका चौहान जिल्लामा सुन्तला उत्पादन राम्रो भएपछि उचित मूल्य पाएको बताउँछिन् । १४५ हेक्टर क्षेत्रफलमा सुन्तलाखेती हुँदै आएको बताउँदै उनले अहिले किसान सन्तुष्ट भएको बताइन् ।

अझै केही ठाउँको उत्पादन टिप्न बाँकी रहेकाले यस वर्षको उत्पादन कति भन्न सक्ने अवस्थामा नरहेको उनको भनाइ छ । भरतपुर महानगरपालिका-२९ को विभिन्न स्थानमा अझै सुन्तला टिप्न बाँकी रहेको छ । *रासस*

**सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं**

**सामाजिक सञ्जालमा:**

- जातीय, धार्मिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने,
- राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच पुग्ने,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा र आत्मसम्मानमा ठेस पुऱ्याउने,
- जातीय भेदभाव, छुवाछुव र श्रमप्रति अवहेलना हुने,
- शान्ति सुरक्षामा खलल पुग्ने,
- प्रचलित कानूनले रोक लगाएका सामाग्रीहरूको प्रकाशन वा प्रदर्शन गर्ने,
- जनमानसमा भ्रम सिर्जना गर्ने

**यस्ता विषयवस्तु पोष्ट, शेयर, ट्याग, ह्यास ट्याग गर्नुहुँदैन**
**यस्ता कार्य कानुनतः दण्डनीय हुन्छन् ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ